
# लेखापरीक्षण प्रतिवेदन
# सप्तरी
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

## विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. | उच्च अदालत जनकपुर, इजलास राजबिराज | ३ |
| | ३.२. | उच्च सरकारी वकील कार्यालय | ३ |
| | ३.३. | जिल्ला सरकारी वकील कार्यालय | ३ |
| | ३.४. | सप्तरी जिल्ला अदालत | ४ |
| | ३.५. | जिल्ला कृषि विकास कार्यालय | ४ |
| | ३.६. | कोशी पम्प चन्द्र नहर सिंचाई व्यवस्थापन डिभिजन | ६ |
| | ३.७. | गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल | ७ |
| | ३.८. | घरेलु तथा साना उद्योग कार्यालय | ९ |
| | ३.९. | सिंचाई डिभिजन कार्यालय | १० |
| | ३.१०. | नापी कार्यालय | ११ |
| | ३.११. | जिल्ला पशु सेबा कार्यालय | ११ |
| | ३.१२. | जिल्ला प्रशासन कार्यालय | १३ |
| | ३.१३. | जिल्ला प्रहरी कार्यालय | १४ |
| | ३.१४. | जिल्ला वन कार्यालय | १४ |
| | ३.१५. | जिल्ला भू-संरक्षण कार्यालय | १६ |
| | ३.१६. | महिला तथा वालवालिका कार्यालय | १६ |
| | ३.१७. | मालपोत कार्यालय | १७ |
| | ३.१८. | जिल्ला जनस्वास्थ कार्यालय | १८ |
| | ३.१९. | जिल्ला शिक्षा कार्यालय | २० |
| | ३.२०. | स्थानिय विकास कोषको सचिवालय | २५ |
| | ३.२१. | जिल्ला विकास समितिको कार्यालय | २५ |
| | ३.२२. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ३३ |
| ४. | | आन्तरिक लेखापरीक्षण | ३५ |
| अनुसूची १ : | | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ३६ |
| अनुसूची २ : | | बेरुजूको स्थिति | ३८ |
| अनुसूची ३ : | | जिम्मेवार पदाधिकारीको नामावली | ३९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ३० कार्यालयको विस्तृत र १९ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ४९ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.६ अर्ब २४ करोड ५५ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २७ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ३६० र रु.३२ करोड ४७ लाख ६९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म २१ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १५२ दफा र रु.३ करोड ५ लाख १८ हजार मिलान गरी २६ कार्यालयको दफा २०८ को रु.२९ करोड ४२ लाख ५१ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु १ लाख ४४ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.९५ लाख ७४ हजार, अनियमित रु.१८ करोड ५४ लाख ८५ हजार र पेश्की रु.९ करोड ९१ लाख ९२ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

## कार्यालयगत लेखापरीक्षण व्यहोरा

## उच्च अदालत जनकपुर, इजलास राजबिराज

१ **कर समायोजन** : मूल्य अभिबृद्धि कर नियमाबली, २०५३ को १७ बमोजिम कुनै बस्तु वा सेवाआपूर्ति गर्ने प्रापकलाई रितपूर्बकको कर बीजक दिनु पर्ने तथा भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनु पर्ने व्यबस्था छ। कार्यालयले कर बीजक नं. उल्लेख नभएको, बीजक नं. हातले लेखेका कर बीजकबाट रु.२ ५५ ७६७/– मूल्य अभिबृद्धिकर भुक्तानी गरेको र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा भुक्तानीको जानकारी समेत दिएको नदेखिएकोले मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

२ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। कार्यालायले वार्षिक खरिद योजना तयार नगरेको, पूँजीगत तर्फ २९,१९,४२१।- खर्च भएकोमा तेस्रो चौमासिक र आषाढ महिनामा मात्र २२,१०,९६४।- खर्च गरेको, धरौटीको गोश्वारा खाता तथा व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणली सुदृढ बनाउनु पर्दछ।

३ **मुद्दाको लगत** : यस अदालतमा गत वर्षबाट जिम्मेवारी सरेको समेत ४३३२ मुद्दा दर्ता भई १६३० मुद्दा फछ्र्यौट भएको र २७०२ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको देखिएको छ।

## उच्च सरकारी वकील कार्यालय

१ **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयकर अग्रिम रुपमा हिसाव गरी मासिक रुपमा कर कट्टी गरी भुक्तानी गर्नु पर्नेमा कार्यालय प्रमुखको पारिश्रमिकको रु.४३९२३।- कर दाखिला गर्नुपर्नेमा सामाजिक सुरक्षाकर र प्रोत्साहन भत्तामा १५ प्रतिशत कर रु.२८९०८।- मात्र दाखिला गरेकोले नपुग रु.१५०१९।- असुल गरी राजस्व दाखिला हुनु पर्दछ।

एक कर्मचारीलाई २०७१ भाद्र देखी २०७२ चैत्र मसान्तसम्मको रु.४५७०९१।- एकमुष्ठ र वैशाख देखि आषाढको तलव भत्ता र प्रोत्साहन खर्च समेत जम्मा रु.५५४०९१।- चालु बर्षमा भुक्तानी गरेको छ। आयकर ऐन, २०५८ दफा ८७ अनुसार यस बर्ष भुक्तानी भएको सवै रकम यस बर्षको आय भएकोले आयमा समावेश गरी कर निर्धारण गर्नु पर्नेमा कर कट्टा गरेको पाईएन। नियमानुसार निर्धारण योग्य आयमा लाग्ने पारिश्रमिक करमा नपुग रु.२८३२४।- असुल हुनु पर्दछ।

२ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। रोजगारीबाट भएको आयको गणना गर्दा तलब भत्ता र प्रोत्साहन भत्ता खर्च लेख्दा बार्षिक भुक्तानी बिबरण तयार गरी छुट पाउने रकम एकीन गर्नु पर्नेमा प्रोत्साहन भत्तामा कसैको सामाजिक सुरक्षा कर र कसैको १५ प्रतिशत एकमुष्ठ कर कट्टा गरेको, प्रोत्साहन भत्ता खर्च लेख्दा सरुवाभई जाने तथा आउनेहरुको आंशिक रकम भुक्तानी गरेकोमा दोहोरो नहुने गरी पत्राचार नगरेको देखियो।प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ।

## जिल्ला सरकारी वकील कार्यालय

१ **जिन्सी व्यवस्थापन** : प्रत्येक कार्यालयले गत बर्षको मौज्दात, चालु बर्षमा खरिद गरेको तथा हस्तान्तरण भै आएको, सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी जिन्सी मालसामानको मूल्य सहित लगत तयार गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लिखित कुरा खुलाएको पाइएन। नियमले तोकेवमोजिमको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी जिन्सी व्यवस्थापन अद्यावधिक हुनुपर्दछ।

२ **प्रोत्साहन भत्ता** : जिल्ला निर्बाचन अधिकृतको कार्यालय, सप्तरीबाट यस कार्यालयमा खटिएका कर्मचारीहरुलाई निजामती कर्मचारी आधिकारिक ट्रेड युनियन निर्बाचनमा काजमा खटिई तलब स्केलको ५० प्रतिशतले हुन आउने रकम रु.१७१०७५।- भुक्तानी भएकोमा कार्यालयबाट कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता समेत भुक्तानी गरेको देखिएको छ। एकै अवधिमा दोहोरो भत्ता खर्च लेख्न मिल्ने नदेखिएकाले दोहोरो रकम असुल गर्नुपर्दछ।

## सप्तरी जिल्ला अदालत

१ **मुदा फछ्यौट** : अदालतमा ९ जना माननिय न्यायाधिशहरु सहित १२३ स्वीकृत दरबन्दी भएकोमा २०७३ आषाढमा १०० जना कार्यरत रहेको र ३८ जना विगत देखि करारमा कार्यरत रहेको देखिन्छ । अदालतमा ९ इजलाश रहेको छ। प्राप्त विवरण अनुसार गत वर्ष ४२७४ मुदा फछ्यौट भएकोमा यस वर्ष २६०५ मुद्दा फछ्र्यौट गरेको छ।

२ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। सबै रसिद विल भरपाईमा सिलसिलेवार नम्वर राखी भुक्तानी भएको छाप लगाई प्रमाणित नगरेको , जिन्सी निरिक्षण गरी प्रतिबेदन तयार नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खाता प्रमाणित एबं अद्यावधिक नगरेको, वार्षिक आर्थिक कारोवारको प्रतिवेदन अनुसूची १४ र नियम ९१ अनुसारको वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, राजस्व तर्फको खाता र गौश्वारा भौचर प्रमाणित नभएका, लगत कितावमा लगत कट्टा मिन्हा जनाउने गरेकोमा लगत कट्टी मिन्हाको विस्तृत विवरण तयार नगरेको, आर्थिक विवरणमा लगती राजश्व असुली नदेखाएको, आर्थिक वर्षको अन्तमा बाँकी रहेको धरौटीको प्रयोजन खुलाई कच्चावारी तयार नगरेको जस्ता व्यहोरा देखिएका छन्। ऐन नियमले तोकेको प्रक्रिया एवं व्यवस्थाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।

३ **बढी ग्रेड भुक्तानी** : निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) २ मा जिल्ला स्थित कार्यालयले स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरि तलव खर्च लेख्नुपर्ने उल्लेख छ। कार्यालयले तलवी प्रतिवेदन पारीत नगरी १० कर्मचारीलाई रु.५३२८८।- बढी ग्रेड खर्च लेखेको रकम असुल हुनु पर्दछ।

४ **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार मूल्य अभिवृद्धिकरमा दर्ता भएको प्रत्येक व्यक्तिले तोकिएको ढाँचामा सिलसिलेवर नम्बर सहितको कर वीजक जारी गर्नु पर्ने उल्लेख छ। कार्यालयले मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएकोमा कर विजकमा वीजक नम्बरपछि स्टाम्प लगाएको पाइयो। रित पूर्वकको कर वीजक जारी नगरेको, मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको समेत नदेखिएकोले **६९२१२४।-** मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ।

५ **कार्यसम्पन्न प्रतिवेदन** : तीन लागत अनुमानवाट रु.८१८२१६।- निर्माण कार्यको अन्तिम विल भुक्तानी गरेकोमा तोकिएको परिमाण र स्पेशिफिकेशन अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन।

## जिल्ला कृषि विकास कार्यालय

१ **प्रगति प्रतिवेदन** : कार्यालयले यो बर्ष २ कार्यक्रममा ५० प्रतिशत भन्दा वढी र ६ कार्यक्रममा ८५ प्रतिशत भन्दा वढी प्रगती देखाएको छ। कार्यक्रम अनुसारको अभिलेख नराखेकोले कार्यक्रम अनुसार खर्च अभिलेख राखी प्रगति यथार्थ बनाउनुपर्दछ।

२ **प्रतिस्पर्धी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु.२५ हजार भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गरी दफा ८ अनुसार प्रतिस्पधी तबरले खरिद गर्नु

पर्दछ । कार्यालयले फर्निचरमा रु.२ लाख ५० हजार, सवारी साधनमा रु.३ लाख ९९ हजार र मेशिनरी औजारमा रु.८ लाख पुंजीगत समान खरिद गर्दा लागत अनुमान तयारी तथा प्रतिस्पर्धी खरीद प्रकिया अबलम्बन नगरी सिधै खरिद गरेको छ। नियमले तोकेको खरीद विधि अपनाउनु पर्दछ।

३ **वेसिजनको बिउ** : कार्यकमको लक्ष्य प्रथम चौमासिक अवधि असोज कात्तिकमा भएको उन्नत गहुँ विउ वितरण ५० प्रतिशत अनुदान २.४ मे.टन र विजवृद्धि कार्यक्रम ४.८ मे.टन. उन्नत बिउँ अनुसन्धान परिषदका स्रोत केन्द्रबाट खरीद नगरी एक विउँ उत्पादन कृषक समुहबाट २०७२।८।२८ बाट ६३५४ किलो गहुँको विउँ खरिद गरी मंसिर २९ देखि पौष १ सम्म ३६ कृषकलाई वितरण गरेको भरपाई पेश गरेको छ। सिजन सकिने वेलामा विउ खरिद गरीनु र कृषकले ५० प्रतिशत व्यहोरेको अभिलेख तयार नगरिनु तथा कार्यकमको लक्ष्य प्रथम चौमासिक अवधि असोज कात्तिकमा भएकोले विउ अनुदान ५० प्रतिशत र ढुवानी मा १०० प्रतिशतले भएको खर्च रु.२,६८,०२६।- कार्यक्रमको उद्देश्यअनुरुप भएको देखिएन। विषम परिस्थितिमा किसानलाई सुविधावाट वंचित नहोस भनी स्थानीय स्तरवाटै रातमा ढुवानी गरी वितरण भएको जवाफ छ।

४ **अनुदान वितरण** : खाद्यान्न वाली विज वृद्धि कार्यकम अर्न्तगत विउ कोष स्थापना बापत ३ समूहलाई ६०,००० को दरले रु.१,८०,००० अनुदान उपलब्ध गराएको छ। अनुदान वितरणको आधार तयार हुनु पर्नेमा छलफल हुँदा माग नै नहुने भएकोले छनौटको समस्या नरहेको प्रतिक्रिया प्राप्त भएको छ। विगतदेखि स्थापित यस्ता प्रकृतिका विउँ कोषको अनुगमनको विवरण अद्यावधिक गर्नु पर्दछ।

व्यावसायिक फलफुल क्षेत्र विस्तार आयोजना अर्न्तगत ५० प्रतिशत अनुदानमा उन्नत, हाईव्रिड आँप जातका विरुवा ११० हेक्टर कार्यकम स्वीकृत गरी रु.५७७,८००। खर्च लेखेको देखिएको छ । १३,३३० विरुवामा ५० प्रतिशत अनुदान रु ३,४९,८७५। प्याकिगं चार्ज रु.१०४,९६२।, ढुवानी रु.१८००० र मोर्टालिटि वाप्त रु.१०४,९६२। दावी गरेको छ। मोर्टालिटि वापत अधिकतम सीमा १५ प्रतिशत तोकिए पनि क्षती भएको पर्याप्त आधार वेगर नर्मशले पाउने भनी २०७३।३।१९ को निर्णयले मिन्हा गरेको छ । मरेको विरुवाको पुष्टी हुने प्रमाण नभएकोले मोर्टालिटी खर्च वास्ताविक छ भन्ने आधार हुनु पर्दछ।

५ **भुक्तानी** : जिल्ला कृषि बिकास समितिबाट छनोट भएका जिल्लाका १२० युवा कृषकहरुलाई प्रत्येकले एक एक बिगाहा जग्गामा व्याबशायिक तरकारी खेती गर्न लागत अनुमानको ५० प्रतिशत रकम वा बढीमा रु.३००००। सम्म अनुदान स्वरुप उपलब्ध गराउने गरी कार्यालयले यो बर्ष रु.३६,००,०००। खर्च लेखेको छ। कार्यालयले स्वीकृत लागत अनुमान बमोजिमको कार्य सम्पन्न प्रतिबेदनको आधारमा अनुदानको रकम भुक्तानी गर्नु पर्नेमा कृषकबाट भुक्तानीको लागि प्राप्त निबेदन साथ बिल भरपाईको आधारमा भुक्तानी गरेको देखियो। अनुदान भुक्तानी प्रकृयामा सुधार हुनुपर्ने देखिन्छ।

६ **अनुगमन** : राष्ट्रपति चुरे संरक्षण कार्यकम अन्तर्गत् साना सिंचाई,सहकारी सिंचाई,कृषि उपजका लागि बजार सेड निर्माण,तरकारी बिकास,फलफूल बिरुवा बिकास,र मत्स्यबिकास कार्यकमहरु संचालनार्थ रु.७१ लाख २ हजार अर्थात् करिब ९० प्रतिशत रकम निकासा तथा खर्च भई त्यस क्षेत्रका कृषि,सिंचाई,तरकारी,फलफूल,मत्स्य बिकासका बिभिन्न स्कीमको कार्यान्वयन गर्न उक्त पेशामा आबध्द कृषक समूहलाई रु.५४,६५,९५८।०० अनुदान बितरण गरेको पाईयो। बिभिन्न स्कीमहरुको दिगोपना र निरन्तरताको लागि कार्यालयबाट अनुगमन गर्नु पर्दछ।

७ **कार्यक्रमको दिगोपन** : साना तथा मझौला कृषकहरुको आम्दानी र रोजगारीमा अभिबृध्दि गरी तिनीहरुको जीवनस्तर उकास्न सहकारी खेतीमा आधारित साना सिंचाईका लागि स्यालो बोरिङ ४ ईन्च पम्पिङ २.५ एच पी सी डि सेट जडान, कुलो मर्मत, ईनार निर्माणकालागि जिल्लाका ४८ कृषक

समूहलाई कार्यालयले आर्थिक प्राबिधिक सहयोग पुऱ्याउन रु.३२,०२,८५६। खर्च गरेको छ। उल्लिखित स्किमहरुको निरन्तरता दिन दिगोपनको कार्यक्रम व्यवस्थापन गर्नु पर्दछ।

८ **कार्य सम्पन्न प्रतिबेदन** : सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछी स्वीकृत ड्रईङ, डिजाईन र स्पेशिफिकेशन बमोजिम भए नभएको जाच गरी प्रतिबेदन तयार गर्नु पर्ने व्यबस्था रहेको छ। कार्यालयले कम्पाउण्ड वाल तथा अन्य मर्मत सुधार गर्न एक निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रतिबेदन वेगर ४३६९१५। भुक्तानी गरेको देखिन्छ।

९ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। खर्च भएको विल भरपाईमा सिल सिलेवार नम्बर राखी भुक्तानी भएको छाप नलगाएको, अग्रिम कर कट्टी रकम समयमा नै दाखिला नगरी पेश्की फछर्यौट अवधि भन्दा पछि दाखिला गरेको, कार्यक्रम अनुसार विउँ कोष लगायत अनुदान वितरणको अभिलेख नराखेको, लाभग्राही छनौटको आधार यकिन नभएको, कृषि प्रसार कार्यक्रमको पूँजीगत खर्च तर्फको छुट्टै स्रेस्ता तयार नगरेको, बैंक नगदी किताबमा पेश्की महल अद्यावधिक नगरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा सामानको मुल्य नखुलाएको, लिलाम मर्मत कारवाही नगरेको जस्ता अवस्था देखिएकोले ऐन नियमले तोकेको व्यवस्था एवंम् प्रकृयाको अवलम्वन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

१० **अग्रिम कर** : तरकारी खेती कार्यक्रमको भुक्तानीमा कट्टी गरेको अग्रीम कर रु.६८८०। राजश्वमा दाखिला हुनु पर्दछ।

## कोशी पम्प चन्द्र नहर सिंचाइ व्यवस्थापन डिभिजन

१ **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। बिल, भरपाईको सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप नलगाएको, २५ हजार रुपैया भन्दा वढीको सामान खरिद गर्दा लागत अनुमान तयार नगरेको, खर्च भएर नजाने जिन्सी समानको मूल्य र स्पेशिफिकेसन खुलाई आम्दानी नजनाएको, मूल्य अभिवृदि कर भुक्तानीको जानकारी सम्वन्धित कर कार्यालयलाई नदिएको, लागत अनुमान नापी किताब र विल साथ कार्य सम्पन्न प्रतिवेदनमा चेनेज तथा स्थान उल्लेख नगरेको खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन नगराएको आदी व्यहोरा देखिएका छन्। ऐन नियमले तोकेको व्यबस्था एवं प्रक्रियाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभाबकारी बनाउनु पर्दछ।

२ **अग्रिम भुक्तानी** : पानी तथा बिजुली,संचार महशूलमा रु.४,४०,०००।- र पूँजिगत तर्फबाट बिद्युतमा रु.७३,००,०००।- खर्च लेखेको छ। बिद्युत महशुलको रकम भुक्तानी गर्दा मासिक खपत युनिट बमोजिमको बिल प्राप्त गरी खर्च लेख्नु पर्नेमा नेपाल बिद्युत प्राधिकरणलाई रु.३३९१८२।- अग्रिम भुक्तानी गरेको देखिन्छ। बार्षिक रुपमा बिनियोजन हुने उक्त खर्च शीर्षकमा पेश्की नजनाई खर्च भएको पुष्ट्याई हुने फाँटवारी संलग्न नगरी अग्रिमरुपमा अनियमित खर्च लेखेको छ। जरिवानावाट वच्न खर्च गरेको कार्यालयको प्रतिकृया रहेको छ।

३ **ठेक्का व्यवस्था** : आयोजनाको विभिन्न क्रियाकलापमा ठेक्का व्यवस्था भएकोमा ठेक्काको प्रगति विवरण तयार गरेको देखिएन। एकै उपभोक्ता समितिसँग एकभन्दा बढी पटक सम्झौता गरी भुक्तानी गरेको छ। उपभोक्ता समितिबाट गरिने कार्य र निर्माण व्यवसायीबाट गराउने कार्यको वार्षिक कार्य योजना तयार गरी स्थान छनौट गरेको पाईएन।

४ **चौमासिक तथा आषाढको खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य संचालन गरी प्रगति हासिल गरिनुपर्दछ। कार्यालयले यो वर्ष तेस्रो चौमासिक अवधिमा ८८.५७ प्रतिशत रआषाढ महिनामा ५०.३३ प्रतिशत खर्च गरेको देखिन्छ। यस सम्वन्धमा छलफल हुदा दोस्रो चौमासिकदेखि कार्यक्रमा वढी भार राखेको कार्यालयको भनाइ रहेको छ।

५ **कर वीजक** : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार तोकिएको ढाँचामा कर वीजक जारी गर्ने व्यवस्था छ। कार्यालयले एक निर्माण व्यवसायीलाई भुक्तानीमा रीतपूर्वकका कर वीजक जारी गरेको पाईएन। कर विजक वेगर भुक्तानी भएको रु 3886337।-को मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

६ **पेश्की फछ्यौंट** : कार्यालयले सम्झौता अनुसार विल रकमाको भुक्तानी गर्दा २० प्रतिशत मोविलाईजेशन पेश्की कट्टी गरी भुक्तानी गर्नु पर्नेमा घटी रु.२९६५१९०।- पेश्की फछ्यौंट गरेको पाइयो। नियम एवं सम्झौता बमोजिम पेश्की फछ्यौंट नगरी भुक्तानी गर्ने प्रक्रियामा सुधार गर्नुपर्दछ।

७ **खरिद प्रयोजन** : स्वीकृत कार्यक्रमअनुसार खरिद र कार्य सम्पन्न गरी प्रगति हासिल गर्नु पर्दछ। कार्यालयले विभिन्न निर्माण व्यवसायीबाट ह्युम पाईप खरिद गरी खर्च लेखेको छ। खरिद गरेका ह्युम पाइपहरु जिन्सी आम्दानी गर्ने र माग फारामबाट खर्च भएका पाईप प्रयोगको मूल्याङ्कन प्रतिवेदन पेश हुनुपर्दछ। नमूना छनौटको आधारमा परीक्षण गर्दा एक आपूर्तक संस्थावाट रु 289280.00 sf] ह्युम पाईप खरिद गरेको छ। यस सम्वन्धमा उपभोक्ता समितिहरुलाई आवश्यकताका आधारमा दिने गरेको र जडान खर्च नलेखेको जवाफ प्राप्त भएको छ।

८ **मोविलाईजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्झौता अनुसार जमानतको आधारमा एक निर्माण व्यवसायीलाई गएको कार्यसंचालन पेश्की रु.8350000/ फछ्यौंट गर्नुपर्दछ।

९ **कन्टिन्जेन्सी खर्च** : अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम महाशाखाको २०७०।०१।२४ को कन्टिन्जेन्सी रकम खर्च गर्नेबारेको पत्रानुसार कन्टिन्जेन्सी वापतको रकममध्ये २ प्रतिशत आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्वन्धी शीर्षकहरुमा अर्थ मन्त्रालयवाट सैद्धान्तिक सहमति लिइ खर्च गर्न सकिने उल्लेख छ। कार्यालयले यो वर्ष रु.८७२५३१०।- कन्टिन्जेन्सी खर्च गरेको विवरण प्राप्त भएको छ। पूजिगत र चालु प्रकृतिको खर्च खुलाएको देखिएन। कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरी लागत अनुमानको सिमा भित्र हुनुपर्दछ।

१० **नहर मर्मत** : स्वीकृत कार्यक्रम अनुसार खरिद र कार्य सम्पन्न गरी प्रगति हासिल गर्नु पर्नेमा पूँजिगत तर्फको कुल खर्च रु. ३२८७०७०५। मध्ये आवास रेख देख, पम्प नहर प्रणाली, कोशी नहर बितरण प्रणाली, चन्द्रनहर प्रणाली, पम्पहाउस ए, पम्प हाउस बीमा कार्यरत ज्यालादारी कर्मचारीहरुको पारिश्रमिकमा रु.१५७९२७३०।- (४८.०४ प्रतिशत), पम्पहाउस ए र पम्पहाउस बी को बिद्युत् महशूलमा रु.७३०००००।- (२२.२१ प्रतिशत) र नहरको नियमित तथा आकस्मिक मर्मत कार्य र आबश्यक सामग्रीको आपूर्तिमा रु ९७७७९७५।- (२९.७५ प्रतिशत) रकम खर्च भएको छ। चालु प्रकृतिका कार्यमा पूँजिगत बजेट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल

१. **आन्तरिक नियन्त्रण व्यबस्था** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप लगाउने, जिन्सी निरीक्षण गरी प्रतिबेदन तयार गर्ने, तोकिएको जिन्सी खाता

प्रयोगमा ल्याई जिन्सी खाता अद्यावधिक गर्ने, धरौटी खाता अद्यावधिक गर्ने, स्पेशिफिकेशन र मूल्यखुलाई आम्दानी जनाउने, २५ हजार रुपैया भन्दा बढीको माल सामान खरिद गर्न लागत अनुमान तयार गर्ने आदि कार्य भएको देखिएन । ऐननियमले तोकेको व्यबस्था एबं प्रकृयाको अबलम्बन गरी आन्तरीक नियन्त्रण प्रभाबकारी बनाउनुपर्दछ ।

२. **खरिद व्यवस्थपन :** समयमा नै प्रतिस्पर्धी खरिद प्रकृया अबलम्बन नगरी अस्पतालले २०७२।४। मा औषधि र सर्जिकल तथा उपकरण तर्फ रु.१०७३८९३९। र ल्याब एक्सरे तर्फ रु.४२५२०३८। को लागत अनुमान तयार गरेकोमा २०७२।११।११ मा मात्र रु.२०,३६,५३६। को सिलबन्दी बोलपत्र प्रकाशन गरी २०७३।१।५ मा मात्र संझौता गरेको पाइयो । आर्थिक वर्ष को अन्त्यमा मात्र ३ महिनाको लागि बोलपत्रवाट औषधि खरिद गरेको छ । आर्थिक वर्षको शुरुमानै वोलपत्र गरी प्रतिस्पर्धात्मक खरिद गर्नुपर्दछ ।

३. **संचालन खर्च :** पोषण पुनर्स्थापना गृह संचालनको लागि २०७२।११।२ को निर्णय अनुसार बिभिन्न १० शीर्षकमा २५ लाख रुपैया बजेट बाँडफाँड गरेकोमा सो अनुसार खर्चको बिबरण तयार गरेको देखिएन । पोषण संचालन गृहमा प्रबन्धक १, अनमि ४, भान्से ३ र क्लिनर १ करारमा कार्यरत रहेको पाइयो । २०७३।१०।२१ मा निरीक्षण गर्दा १० बेडको क्षमता भएको उक्त गृहमा ३ बालबालिका मात्र उपचाररत रहेको पाइयो । प्रशासनिक खर्चलाई सीमाभित्र राख्ने र खर्चको फाटवारी तयार गर्नुपर्दछ ।

४. **योजना सदृढीकरण :** सरकारी निकाय समिति एबम् बोर्डहरुलाई सशर्त पूँजिगत अनुदान शिर्षकमा अस्पताल परिसरभित्र बाटो निर्माण र पर्खाल निर्माण गरी रु.१६,७२,८५८। र ६ वटा टुक्रा लागत अनुमानबाट बिभिन्न मर्मत कार्य, प्रतीक्षालय निर्माण, सडक निर्माण गरेको उल्लेख गरी रु.१३,७४,२८१।– खर्च गरेको छ । आर्थिक बर्षको अन्त्यमा खर्च गर्ने प्रबृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

५. **थप दस्तुर :** स्वास्थ्य मन्त्रालयले २०७३।३।१२ मा रु.३०,५०,०००। सशर्त चालु अनुदानमा थप वजेट अख्तियारी पठाएको छ । चालु अनुदानबाट रु.१५,००,०००। बिद्युत महसुल खर्च लेख्न र २०७३।३।३० मा अस्पतालको तलब शीर्षकमा बचत रहेको रकमबाट रु.१५,००,०००। बिद्युत महसुलमा भुक्तानी गर्न सहमति दिएको पाइयो । बिद्युत महसुलमा रु.५५४५१८। थप दस्तुर भुक्तानी गरेकोले विद्युत महसुल वक्यौता नरहने गरी समयमा नै निकासाको लागि ध्यान दिनुपर्दछ ।

६. **बढी खर्च** : समितिको आन्तरीक आय प्रयोगशाला, एक्स रे, आउट डोर, लगायत १७ शीर्षकबाट रु.९१,०१,१७५।१० आय र रु.१,००,३८,३८४।०९ खर्च भई आम्दानी भन्दा खर्च वढी देखिन्छ । प्रशासनिक खर्च घटाई अन्य आय वढाउन पहल हुनुपर्दछ । समितिवाट वजेट स्वीकृत गरी खर्च गर्ने र वजेट स्वीकृत हुन नसके खर्च अनुमोदन गर्नु पर्दछ। आमा सुरक्षा कार्यक्रम तर्फ रु.९३,८७,७००।०० आम्दानी भएकोमा रु.९६,५९,१४४।९० खर्च भएकोले बजेटभन्दा रु.२७,१४,४४।९० बढी खर्च गरेको छ ।

७ **वैक घटी :** आय व्यय बिबरण अनुसार श्रेस्ता अनुसार बाँकी रु.६५४७८८। मौज्दात रहेकोमा बैंक बाँकी रु.२५०५४३।०० भएकोले बैंक घटी रु.१,१९,६०६।०० यकीन गरी असुल हुनु पर्दछ ।

८. **भाडाः** घरभाडा रु.११,३८,१४०।०० आम्दानी देखाएकोमा प्राप्त सटर भाडा सम्बन्धी बिबरणमा रु.११,७२,१५६।०० भाडा प्राप्त भएको देखिएकोले फरक रु. ३४०१५.८९/-यकीन गरी दाखिला गर्नुपर्दछ । त्यस्तै अस्पतालवाट प्राप्त विवरण अनुसार पसल कबलहरुमा औषधि पसल संचालन गरी रहेका ३ व्यक्तिवाट रु ५४७८७५।०० असुल गर्न वाँकी रकम असुल हुनुपर्दछ ।

९. **सिधै खरिद** समितिले यो बर्ष रु.६५,१९,९५३। को औषधी खरिद मध्ये आषाढ महिनामा रु.२४७०१३१।- मेडिकल एबं सर्जिकल, सामाग्री आपूर्ति गरेको छ । बिभिन्न औषधि सप्लायरहरुबाट ५ पटक गरी रु.४५,०९,७५२। बराबरको औषधि सिधै खरिद गरेको पाईयो । आबश्यकताको पहिचान गरी प्रतिस्पर्धात्मक एबं मितव्ययी तबरबाट खरिद गर्नुपर्नेमा ठूलो रकमको औषधि सोभै खरिद गर्नु नियमसंगत नहुँदा यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

## घरेलु तथा साना उद्योग कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भए अनुसार मर्मतसंभार तथा लिलाम बिकीको कार्यान्वयन गर्ने , जिन्सी खाता र राजश्व आम्दानी खाता प्रमाणित गर्ने, खर्च भएर नजाने जिन्सी खाता पुरानो र उद्यमीहरुलाई प्रबिधिको हस्तान्तरण गरी खर्च जनाएका सामग्रीको लगत कट्टा गरी नया खातामा अद्याबधिक गर्ने कार्य भएको देखिएन । कार्यालयले ५ स्थानमा सिलाई,कटाई तालीम कार्यक्रम संचालन गरी रु१३०१३९९।- खर्च लेखेकोमा खर्च सहितको प्रतिबेदन तयार गरी स्वीकृत गराएको पाईएन ऐन नियमले तोकेको व्यबस्था एबं प्रक्रियाको अबलम्बन गरी आन्तरिक नियन्त्रण व्यबस्थालाई प्रभाबकारी बनाउनु पर्दछ ।

२. **घटी आम्दानी** : लागत अनुमान र स्थायी लेखा नम्बर तथा कर चुक्ताको प्रमाण बेगर एक आपूर्तकको बीजक नम्बर ३४८।०७२।१२। बाट २० थान उषा सिलाई मेशन खरिद गरी रु.३०००००। - खर्च लेखेकामा १६ थान मेशिनमात्र जिन्सी आम्दानी देखिएकोले घटी आम्दानीको ४ थानको हुने रु.६००००।- को सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

३. **राजस्व :** उत्पादन सामग्रीको बिकीबाट यो बर्ष रु.४१२९७ आम्दानी गरेको छ । सामान बिकीको नगदी रसिद नकाटेको, बिकी गरेको बस्तुको बिबरण, मूल्य र परिमाण तयार नगरेको र तालिम कार्यक्रमको उत्पादन सामाग्रीमा खर्च भएको तुलनामा आम्दानी न्यून देखिन्छ । राजस्व दाखिला गर्दा आन्तरिक रुपमा नै भए पनि निर्णय गरी बास्तबिक रकम दाखिला हुनु पर्दछ ।

राजस्व आम्दानीको दैनिक नगदी प्राप्ति खाता (म.ल.प.फा.नं. १०८ क) अद्यावधिक र प्रमाणित नगरेको चैत्र महिनापछिका राजश्व जोडजम्मा नगरेको, हालसम्मको अशूली अद्याबधिक नगरेको आदि अवस्था देखिएको छ । असुली र दाखिला (म.ल.प.फ.नं.२३) को राजश्व लेखा व्यबस्थित गर्नुपर्दछ ।

४. **बढी ग्रेड :** दुई कर्मचारीलाई बढी ग्रेड भुक्तानी भएको रु ३३६०। असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

५. **शीर्षक फरक** : करार सेवाको पारिश्रमिक अन्यसेवा शुल्कबाट खर्च लेख्नु पर्ने व्यवस्था छ । परामर्श तथा अन्य सेवा शुल्कमा रु.५००००।०० मात्र बिनियोजन भएकोमा कार्यालय सहयोगी १ र मेत्तर १ लाई करारमा काम लगाई कार्यालय सहयोगी १ लाई तलब शीर्षकबाट बार्षिक रु.१,५४,८००।०० खर्च शीर्षक फरक पारी भुक्तानी गरेकोले सुधार हुनुपर्दछ ।

६. **संस्था छनौट** : एक गैर सरकारी संस्थासंग गरिबी निबारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन गर्न रु.४८६९४१८। को लागतमा २०७२।११। मा संझौता गरेको छ । ६ गाउ विकास समितिमा २१५ लघु उद्यम कार्यक्रमको मूल्य अभिबृद्धि करसमेत रु.२५०००००। भुक्तानी गरेकोमा कार्यक्रमको लागत अनुमान, संस्था छनोट प्रकिया तथा अनुगमन बिबरण लेखापरीक्षणमा पेश भएन । संस्थाले कार्य गरिरहेको र कार्यक्रम अनुगमन उप समितिको प्रतिबेदनको आधारमा भुक्तानी गरिएको जवाफ प्राप्त छ ।

## सिंचाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खर्च भएको सबै रसिद,बिल,भरपाईको सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप लगाई प्रमाणित गर्ने, २५ हजार रुपैया भन्दा वढीको सामान खरिद गर्दा लागत अनुमान वनाउने, मौजुदा सूच तयार गरी र सोभै खरिद गर्न पाउने सीमा सम्मको मात्र खरिद कार्य गर्ने, मूल्य अभिवृदि कर भुक्तानीको जानकारी सम्वन्धित कर कार्यालयलाई दिनु पर्ने, उपभोक्ता समितिलाई भुक्तानी गर्दा नापी किताव अद्यावधिक गर्ने तथा समितिले खर्च अनुमोदन गरेको प्रमाण लिने, जिन्सी सामानको मूल्य र स्पेशिफकेशन खुलाई आम्दानी गर्ने , राजस्वको आर्थिक विवरणमा असुली तथा नगद वाँकी देखाउने, वैक नगदी किताव अद्यावधिक गरी खातावन्दी गर्ने, आन्तरिक लेखापरीक्षकवाट प्रमाणित गराउने कार्य भएको पाइएन । ऐन नियमले तोकेको व्यबस्था एवं प्रक्रियाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभाबकारी बनाउनुपर्ने देखिन्छ ।

२. **आषाढ महिनामा खर्च :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य संचालन गरी प्रगति हासिल गरिनु पर्दछ । कार्यालयले यो वर्ष तेस्रो चौमासिक अवधिमा ९९.०९ प्रतिशत र आषाढ महिनामा ८९.८२ प्रतिशत खर्च गरेको देखिन्छ । यसवाट गुणस्तर तथा सार्वजनिक स्रोतको परिचालनमा असर नपर्ने गरी तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **उपलब्धी :** मर्मत संभार आयोजना अन्तर्गत कृषक कुलो सुधार कार्यको लागि २०७२।०४। मा रु. १३ लाख ५० हजारको अख्तियारी दिएकोमा २०७३।०३। मा रु.६ करोड ६९ लाख ५० हजारको थप बजेट अख्तियारी र संसोधित कार्यक्रम पठाएको देखिन्छ । यसै वर्ष गठन भएका उपभोक्ता समितिहरु संग सम्भौताकै अवस्थामा नापी मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदनका आधारमा रु.२ लाख देखि रु.५ लाख सम्म भुक्तानी दिएको छ । आर्थिक वर्षको अन्त्यमा १०७ उपभोक्ता संस्थालाई रु.५,०३,७३,३८०। भुक्तानी गरेको छ । स्थायी रुपमा संस्था दर्ता गरी दिगो रुपमा कार्यक्रम संचालन हुनुपर्दछ ।

४. **आधार :** उपभोक्ताबाट गराएको नहर मर्मत,कुलो पैनी सार्वजनिक पोखरी कुवा तथा विभिन्न पोखरी मर्मतको लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्ने गरेको, लागत अनुमानभन्दा फरक परिमाणको भुक्तानी भएको, समिति गठन र सम्भौताका प्रकृया एबं भुक्तानीमा तालमेल नदेखिएको, उपभोक्ता समितिको चेक पनि वियरर भएको भुक्तानी आदेशको पत्रवाट देखिएको छ । आर्थिक वर्षको अन्तमा निकासा भई वितरण गरेको रकमवाट सरकारको नीति वमोजिम रोजगारी सिर्जना भएको र लाभान्वित समूह निर्माणमा सहभागी भएको विश्वसनीय आधार देखिएन ।

५. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ । यो वर्ष २ ठेक्का चैत्र ३० र आषाढ २ मा सम्भौता भएको छ । ठेक्का सम्भौता गर्दा कार्य तालिका राखी प्रगति अनुगमन गर्नु पर्नेमा कार्यतालिका राखेको देखिएन ।

६. **पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्भौता अनुसार जमानतको आधारमा २ व्यवसायीलाई दिएको पेश्की रु .93,79,657/- फछ्यौट हुनु पर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च** : अर्थ मन्त्रालयको परिपत्रानुसार कन्टिन्जेन्सी वापतको रकममध्येवाट २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्वन्धी शीर्षकहरुमा अर्थ मन्त्रालयवाट सैद्धान्तिक सहमति लिइ खर्च गर्न सकिने उल्लेख छ । कार्यालयले यो वर्ष रु.१९१२४६३।- कन्टिन्जेन्सी खर्च गरेको विवरणमा

पूँजिगत र चालु  प्रकृतिको खर्च खुलाएको देखिएन । कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरी लागत अनुमानको सीमा भित्र हुनु पर्दछ ।

८. **म्याद थप** : एक सिंचाई योजनाको हेड वर्क्स निर्माण कार्यको रु.६३३७६०५१। को लागतमा २०७१।०३।०९ सम्म १५ महिनामा कार्य सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग सम्झौता भएको देखिन्छ । उक्त ठेक्काको प्रथम पटक क्षेत्रीय निर्देशनालयबाट २०७२।१२।०८सम्म र विभागबाट २०७४।०३।१५ सम्म म्याद थप गरेको देखिन्छ । कार्यतालिका अनुसार निर्माण कार्य गर्नुपर्दछ ।

९. **परामर्श खर्च** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेकोमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने निर्क्यौल नगरी विभिन्न आयोजनाको डिटेल फिजिविलिटि स्टडी गरेको भनी ५ फर्मलाई रु१३२२९०३। भुक्तानी गरेको छ । उक्त कार्यमासोझै सम्झौता गरी खर्च लेखेको, लागत अनुमान तयार गरेको आधार नखुलाएको तथा कार्यादेश २०७३।०३।१५ सम्म दिएको छ । सम्झौता अनुसार तीन प्रति प्रतिवेदन जिन्सी आम्दानी भएको देखिएन ।

९.१ दुई परामर्शदातालाई विस्तृत सर्वेक्षण कार्य बापत रु.२,८६,३७९। -  भुक्तानी गरेको छ । उक्त कार्यको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रु.६४५६। - अग्रिम आयकर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नु पर्दछ ।

अर्को एक परामर्श दातालाई कर वीजक नम्वर उल्लेख नभएको विलबाट रु.२८६८२।०० मूल्य अभिवृद्दि कर समेत भुक्तानी गरेको देखिएकोले मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१०. **अग्रीम कर** : एक संयुक्त उपक्रम निर्माण सेवाको प्रथम रनिङ विल रु.१४५३३४३।०० भुक्तानी गर्दा अग्रीम  आयकर रु.१९२९२.१६ कट्टा गर्नु पर्नेमा  १४६२५।- कट्टा गरेका देखिएकोले घटी कट्टा भएको आयकर रु.४६६७। - असुल हुनु पर्दछ ।

११. **घटी पेश्की** : ठेक्का सम्झौता अनुसार ३० देखि ८० प्रतिशत भुक्तानी हुदा मोलिाईजेशन पेश्की फछ्र्यौट गर्नु पर्ने देखिन्छ । कार्यालयले एक सिंचाई योजनाको २ रनिग विल  भुक्तानीमा विल रकमको २० प्रतिशत नहुने भन्दा घटी रु ११६८६२३।- पेश्की कट्टा गरेको पाईयो । कट्टा गर्नु पर्ने रकमको अंश बाकी रहने र अन्य कार्यक्रमको रकम भुक्तानी हुन सक्ने देखिएकोले सुधार हुनुपर्दछ ।

## नापी कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खर्च भएको सवै रसिद विल भरपाईमा सिलसिलेवार नम्वर राखी भुक्तानी भएको छाप लगाउने र विल भरपाई प्रमाणित गर्ने, पूँजिगत खर्चको लक्ष्य सहितको प्रगति प्रतिबेदन तयार गर्ने, जिन्सी निरीक्षण गरेको भए तापनि विवरण खुलाई प्रतिवेदन तयार गर्ने, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । ऐन नियमले तोकेको प्रक्रिया एवं व्यवस्थाको अबलम्बन गरी आन्तिरक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

## जिल्ला पशु सेबा कार्यालय

**१.** **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।  सबै रसिद,बिल,भरपाईको सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप लगाई प्रमाणित गर्ने, जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भए अनुसार मर्मत संभार,लिलाम मिन्हाको कारवाही खरिद योजना बनाउने, लागत अनुमान तयार गरी स्वीकृत कार्यक्रम अनुसार खरिद गर्ने, सामुदायिक बनको माग संकलन गर्ने र समुदाय छनोट गर्ने कार्य भएको देखिएन ।

कार्यक्रम संचालन गर्दा लाभग्राहीको माग र अनुगमनमा उनीहरुको प्रतिनिधित्व गराई अनुगमन प्रतिबेदन गर्नुपर्ने कार्य भएको पाइएन । ऐन नियमले तोकेको व्यबस्था एवं प्रक्रियाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभाबकारी बनाउनुपर्ने देखिन्छ ।

२. **लक्ष्य प्रगति** : कार्यालयले यो बर्ष ११ कार्यक्रम मध्ये २ वटामा ५० प्रशिभन्दा वढी र ९ वटामा १०० प्रतिशत प्रगति हासिल गरेको प्रगति प्रतिबेदन पेश गरेको छ । वार्षिक लक्ष्य अनुसार सबै कार्यक्रम संचालन भए नभएको र सीमाभित्र खर्च भएको छ भनी यकीन गर्न कार्यक्रम खर्च अभिलेख खाता राख्नुपर्दछ ।

३. **अनुगमन** : स्वीकृत कार्यक्रम अनुसार यो बर्ष बिभिन्न कियाकलापहरुमा अनुदान वितरण गर्ने कार्यक्रम रहेको पाईयो । पशु बिकास कार्यदलका २०७२।२।४ र २०७३।३।१६ को निर्णय अनुसार अनुदान पाउनेको नामाबली छनोट भएको देखिन्छ । छनोटको आधारमा लेखापरीक्षण गर्दा आर्थिक बर्षको अन्त्यमा सम्बन्धित सस्था तथा व्यक्तिलाई ५४,४०,०००। अनुदान उपलब्ध गराएको देखिन्छ। अनुदान बितरणको लागि निश्चित आधार एबं मापदण्ड तोकी सशर्त अनुदान बितरणको अभिलेख राखी अनुगमन गर्न जरुरी देखिन्छ ।

४. **कार्य सम्पन्न प्रतिबेदन** : सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम १२५ मा खरिद संझौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछि स्वीकृत ड्रईङ,डिजाईन र स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच गरी प्रतिबेदन तयार गर्नु पर्ने व्यबस्था छ । कार्यालयले ६ निर्माण कार्यको रु.२१५३१६९।०० भुक्तानी गरेकोमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको छैन यसले गर्दा लागत अनुमान र बास्तबिक कामको परिमाण यकिन हुन सकेन । कार्य मूल्याङ्कन रु.२१५३१६९। को बिल भरपाई भए पनि रु.२०२९३१०। मात्र खर्च लेखेकोले रु.१२३८५८। भुक्तानी गर्नु पर्ने वाँकी दायित्व सिर्जना गरेको नदेखिंदा बिल रकम र भुक्तानीको फरक सम्बन्धमा स्पष्ट हुनु पर्दछ ।

५. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारदाताले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा कर योग्य आयमा अनुसूची-१ बमोजिमका दरले अग्रिम आयकर कट्टा गरी दाखिला गर्नु पर्ने उल्लेख छ । एक कर्मचारीको वार्षिक पारिश्रमिकमा नियमानुसार लाग्ने कर भन्दा घटी कट्टी भएको रु.४१८८। - दाखिला हुनुपर्दछ ।

एक कर्मचारीको पेश्की फछ्र्योट गर्दा भाडा बापत रु.१०,०००। - भुक्तानीमा आयकर ऐन,२०५८ अनुसार रु.१०००। अग्रिम कर कट्टी नगरेकोले असुल गरी राजश्व दाखिला हुनु पर्दछ । त्यस्तै घाँसको बिउ खरिद तथा बितरण बापत रु.१२५०१०। - खर्च लेखी एक अधिकृत कर्मचारीको पेश्की फछ्र्योट गरेकोमा बिलभन्दा बढी खर्च लेखेको रु.१८६०। - सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

६. **ग्रेड बढी खर्च** : कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २०७३।१।१३ पारित तलबी प्रतिबेदनभन्दा ३७ जना कर्मचारीको बढी ग्रेड खर्च लेखेको रु.७२६५०। सम्वन्धितवाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

७ **कार्यक्रम संचालन** : राष्ट्रपति चुरे संरक्षण कार्यकम अन्तर्गत एक नगरपालिकाका ८० जना कृषकलाई स्टल फिडिङ प्रबर्धनका लागि बाख्रा, कुखुरा, बंगुरको खोर सुधारका लागि रु.३९००००।– गाउ विकास समितिका ३०० कृषकलाई रु.२२,५०,०००। पेश्की दिई पशु सेवा केन्द्रबाट काम सम्पन्न भएको जानकारी प्राप्त भएपछि बर्षान्तमा पेश्की फछ्र्योट गरेको छ । एक नगरपालिकाका, एक गाउ विकास समितिका कृषकलाई रु.४२८०००। बराबरको बंगुर, कुखुरा र बोका जस्ता बस्तुभाउ अनुदान स्वरुप बितरण

भएको देखिन्छ। ५ गाउ विकास समितिका ४५ कृषक समूहलाई बिउ बिजन, घाँस तथा डालेघास बितरण भएको छ। उपरोक्त सहकार्यमा खोर सुधार छनौटको विवरण र रकम खुलाई लागत अनुमान स्वीकृति तथा कार्य सम्पन्न विवरण तयारी गरिनुपर्दछ।

घाँस तथा डाले घाँस वितरण र पशुपंक्षी विक्री वितरणको लागि पशु संकलन विक्री केन्द्रसँग सहकार्यमा निर्माण गर्न बजेटको व्यवस्था भएकोमा कुनै कार्य भएको छैन।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। कार्यालयले पूँजीगततर्फ रु. ५०,२९,००७। खर्च गरेकोमा प्रगति प्रतिबेदन तयार नगरेको, जिन्सी निरीक्षण गरी प्रतिबेदन यथार्थ नबनाएको, सम्झौताको कार्य तालिकाअनुसार निर्माण व्यबसायीबाट कार्य सचालन नहुदा भवन निर्माण कार्य अधुरो रहेको, धरौटी बाँकीको कच्चावारी अद्यावधिक नगरेको, हिसाब मिलान नगरेको आदि व्यहोरा देखिएको छ। ऐन नियमले तोकेको प्रक्रिया एवं व्यवस्थाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ।

२. **पूँजिगत खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ तथा कार्यालयलाई प्राप्त खर्च गर्ने अख्तियारीको निर्देशन वमोजिम सार्वजनिक  खर्च व्यवस्थापनलाई प्रभावकारी वनाउनु पर्दछ। यो वर्ष कार्यालयले पूँजीगत खर्च शीर्षकमा कुल खर्च रु.५०२९००७। - गरेकोमा तेश्रो चौमासिकमा रु.३७०९०८८। - (७३.७५ प्रतिशत) र आषाढ महिनामा रु.३४७३२५६। - (६९.०६) प्रतिशत खर्च गरेको पाइयो। तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ।

३. **पेश्की जमानत :** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ११३ को उपनियम (६) मा निर्माण व्यबसायीले खरिद संझौता बमोजिम पेश्की फछ्र्यौट नगरेमा जमानतको रकम सम्बन्धित बैकबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नु पर्ने व्यबस्था छ। एक वाणिज्य बैंक बाट जारी गरेको रु. ५० लाखको बैंक जमानत अवधि २०७२।३।२१ सम्म रहेकोले कार्यालयले रोक्का राख्न पत्राचार गरेको देखियो। उक्त जमानतको म्यादथप भएको प्रमाण लिई सो अनुसार पेश्की फछ्र्यौट गर्नु पर्दछ।

४. **बीमा :** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १२ तथा खरिद संझौतामा सम्झौता मितिदेखि त्रुटी सच्याउने अबधिसम्मको लागि निर्माणकार्य,मेशिनरी औजार र उपकरण निर्माणकार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्दछ। निर्माणकार्यको बीमाको लागि व्यबस्था गरेको रकम मध्ये हालसम्म रु.५३,५७४।-भुक्तानी गरेकोमा बीमा गरेको प्रमाण पेश नभएकोले भुक्तानी रकम रु.५३५७४/ असुल गर्नुपर्दछ।

५. **अग्रीम कर** : कार्यालयले दरभाउपत्रको प्रकृया अपनाई एक निजी आपूर्तक संस्थासंग २०० बण्डल आरती जस्तापाता प्रति बण्डल रु.६,५२५। का दरले खरिद गरी रु.१५,००,०००।- भुक्तानी गरेको छ। आपूर्तकको कर बीजक नं.१०१ मिति २०७३।२।१७ बाट बिल रकम रु.१३,०५,०००। - मा मूल्य अभिबृद्धि कर१३ प्रतिशतले हुने रु.१,६९,६५०। - गणना गर्नु पर्नेमा रु १,९५,०००। - गणना गरी बढी भुक्तानी गरेको रु.२५३५०/ - असुल गरी राजश्वमा दाखिला गर्नु पर्दछ।

६. **जिन्सी :** जिल्ला दैबी प्रकोप उद्दार समितिबाट प्रकोप पीडित उद्दार राहत सम्बन्धी मापदण्ड, २०६४ अनुसार आगलागी पीडितहरुलाई जस्तापाता बितरण गर्नुपर्दछ। उक्त खरिद भएको जस्तापाता जिन्सी बितरण गरेको अभिलेख अद्यावधिक गरी खर्च रकमलाई बिश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

## जिल्ला प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयले पूँजीगततर्फ रु.५१५००००। खर्च गरेकोमा प्रगति प्रतिबेदन तयार नगरेको, जिन्सी निरीक्षण गरी प्रतिबेदन यथार्थपरक नबनाएको, तालीका अनुसार निर्माण व्यबसायीबाट कार्य नगराएको जिन्सी सामान लिलाम बिक्री नगरेको आदि अवस्था देखिएको छ । ऐन नियमले तोकेको प्रक्रिया एवं व्यवस्थाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ ।

२. **काज :** प्रहरी नियमावली, २०७१ को नियम ५२ अनुसार प्रहरी प्रधान कार्यालयले विशेष परिस्थितिमा काज खटाउने प्रयोजनका लागि काज सम्बन्धी छुट्टै मापदण्ड बनाउनु पर्दछ। कार्यालय तथा मातहतका विभिन्न इकाईमा दरवन्दी संख्या ५६८ रहेकोमा यो वर्ष विभिन्न महिनामा ५०५ देखि ५५० सम्म कार्यरत रहेको देखिन्छ। अन्य कार्यालयबाट विभिन्न महिनामा ८० देखि १९२ जना काजमा आएको (औषत मासिक १४९ जना) तथा यस कार्यालयबाट मासिक ५९ देखि १७० सम्म कर्मचारीहरु काजमा गएको (औषत मासिक १२७ जना) स्थिति देखिन्छ। अन्यत्रबाट काजमा आएका प्रहरी कर्मचारीहरुको कार्य जिम्मेवारी मूल्याङ्कनमा समस्या आउनुको साथै स्थानान्तरणमा थप आर्थिक भार पर्ने, निजहरुको तलब भत्ताको व्यवस्था निश्चित समयमा हुन नसक्ने अवस्था छ । त्यस्तै अन्यत्र काजमा गएका कारण संगठनमा जनशक्तिको अभाव हुने गरेको छ। संगठनको दरबन्दी पुनराबलोकन गरेर तथा मापदण्ड तर्जुमा गरी कर्मचारी काजमा खटाउने कार्यलाई निश्चित सीमा भित्र कायम गरिनु पर्दछ।

३. **भवन निर्माण :** कार्यालयको भवन निर्माणको लागि २०६८।१०।२५ मा रु ११४१९३३९.९० सम्झौता अंकमा ७.१२ प्रतिसत भेरियसन स्वीकृत भई रु.१२२३२५०४। भुक्तानी गरेको छ। पटक पटक म्याद थप भई २०७३।०३।१५ मा भवन निर्माण सम्पन्न भएको पाईयो । लागत अनुमान भन्दा ३४.३१ प्रतिशत घटीमा कबोल भएको र कुनै पनि आईटमको परिमाणमा घटीवढी नभएको कार्य सम्पन्न प्रतिदेवन तयार गरेको छ कार्य सम्पन्न प्रतिवेदनमा इष्टिमेट अनुसारको परिमाण र खुद भएको परिमाण तुलनागरी नापी गर्नुपर्नेमा मूल्याङ्कन गर्दा बास्तबिक परिमाण नदेखाई ठेक्काको परिमाण सूचिलाई नै अन्तिम मुल्याङ्कन गरेको देखिएकोले यथार्थ कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ।

कार्य सम्पन्न प्रतिदवेदन साथ निर्माण भए बमोजिमको एज विल्ट नक्शा पेश गर्नु पर्नेमा सो समेत पेश गरेको देखिएन । सम्झौता गर्दा एज विल्ट नक्शा वापतको हर्जना रकम उल्लेख गरेको देखिएन। एज विल्ट नक्शा पेश हुनु पर्ने अन्यथा धरौटी रकमवाट सो तयारी वापतको रकम कट्टा गरी एज विल्ट नक्शा तयार गर्नु पर्दछ।

## जिल्ला बन कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयले कार्यक्रम अनुसारको खर्च अभिलेख खाता नराखेको, राजस्वको आर्थिक बिबरणमा लगत कायम नगरेको, बैंक नगदी किताब प्रमाणित नभएको, गोश्वारा भैाचरसाथ बिल, भरपाईको सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप नलगाएको, बिरुवा उत्पादन खर्चको कार्य सम्पन्न प्रतिबेदनमा जोड जम्मा नगरेको, बिरुवा बितरण भरपाईको जोडजम्मा नगरेको, गोश्वारा भौचर सिलसिलेवारसंग नराखेको, जिन्सी खाता प्रमाणित नगरेको,सामानको मूल्य र स्पेशिफिकेशन नखुलाएको, कार्यक्रमको लागत,कार्यक्रम संचालनको कार्यतालिका बेगर एकमुष्ट बिभिन्न कार्यक्रमको रकम पेश्की स्वरुप खर्च लेखेको, खाता तथा स्रेस्ता

व्यबस्थित नगरेको जस्ता व्यहोरा देखिएका छन । नियमले तोकेका खाताहरु अद्याबधिक गरी खर्चका बिल, भरपाई प्रमाणित गरी राख्नुपर्दछ ।

२. **बिरुवा उत्पादन** : यो बर्ष राष्ट्रपति चुरे कार्यक्रमतर्फ बिरुवा उत्पादन ३ लाख ५० हजार, बन दशकतर्फ ३ लाख ५० हजार गरी कुल ७ लाख ५० हजार बिरुवा उत्पादनमा ५६ लाख खर्च भएको छ । आय आर्जन हुने अमृसो, बाँस लगायतको बिरुवा र कार्यालयवाट उत्पादन गरेका विरुवा वितरणको रजिष्टर राखी वुझाएको भए पनि वितरण रजिष्टर अद्यावधिक गरेको पाइएन ।

बृक्षरोपण र हालको अवस्था सम्वन्धमा लाभग्राही समेतको सहभागितामा अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। एक सामुदायिक वन उपभोक्ता समुहसंग ३० हजार विरुवा रु.१८००००।- अर्को एक नर्सरी जडिवुटी केन्द्र लाई ३७ हजार विरुवाको रु.३३३०००।, एक वृहत नर्सरी रुपनीलाई ३८ हजार विरुवाको रु.३४२०००। - भुक्तानी गरेको छ। प्रत्येक वर्ष एकै नर्सरीवाट ठूलो परिमाणमा विरुवा खरिद गरेको देखिएको र वितरण सम्वन्धमा स्रेस्तामा कुनै विवरण समावेश गरेको पाईएन । खरिद विरुवा खातामा आम्दानी जनाउने, वितरणको माग संकलन गर्ने र वितरणको आधार तयार गर्नुपर्दछ ।

३. **पेश्की पछ्र्यौट** : एक वन अधिकृतले प्रचार प्रसार सामाग्रीको रु.२०००००।- कार्यक्रम खर्च पेश्की फछ्र्यौट गरेकोमा निम्नानुसार देखियो :

३.१. स्वीकृत लागत अनुमानमा ३ हयाण्डमाइक खरिद गर्न लमसम मूल्य रु.१७०००।- राखेको र ह्याण्ड माइक भाडामा लिई प्रचार प्रसार गर्न रु.१००००।- राखेको छ । माइक खरिदपछि पुनः भाडामा लिन पर्ने नदेखिएकोले अतिरिक्त खर्च देखाएको रु १० हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

३.२. दुई थान होडिङ्ग वोर्ड निर्माण को रु.४००००।- लमसम मूल्य उल्लेख गरी लागत अनुमान तयार गरेकोमा सबै विल ५०००।- भन्दा मुनिको पेश गरेको देखिन्छ । सन्देशमूलक वोर्ड राखेको स्थान खुल्ने प्रतिवेदन र जिन्सी दाखिला पेश भएको नदेखिंदा होर्डिङ्गवोर्डको खर्च रु ४००००/- पुष्ट्याई हुनुपर्दछ ।

३.३. कार्यालयले रु १,२०,३४५/- मूल्यको व्रोसर लिफलेटको तयारी तथा प्रकाशन वापत खर्च लेखेकोमा उक्त सामानको खरिद आदेश तथा जिन्सी दाखिला परिमाण निर्धारण आधार र वितरणको अभिलेख नभएकोले सो संलग्न गरी खर्चको पुष्ट्याई विश्वसनीय गराउनुपर्दछ ।

४. **वन दशक** : निजी वन प्रोत्साहन पुरस्कार अनुगमन मूल्याङ्कन र प्रतिवेदन समेतको रु.३०००००।- को लागत अनुमान स्वीकृत गरेको पाइयो । पुरस्कार वितरणमा रु.३०,०००।- र अन्य मसलन्द इन्धन/टेक्सी स्थलगत निरीक्षण लगायतको लमसम खर्च अनुमानको आधारमा एक अधिकृतको रु.३०००००।- पेश्की फछ्र्यौट गरेकोमा कार्यक्रम संचालन अवधि खुलाएको छैन । अनुगमन मूल्याङ्कन प्रतिवेदन ८० वटा तयार गरेकोमा जिन्सी दाखिला भएको पाइएन । टेक्सी खर्च, स्टेसनरी र विविधमा रु.१७७०००।- खर्च लेखेकोमा खर्च पुष्ट्याई हुने प्रमाण नभएकोले खर्च पुष्टि गर्ने प्रमाण पेश हुनुपर्दछ ।

५. **असुली** : आयकर ऐन,२०५८ को दफा ८७ अनुसार करयोग्य आय भएका ९ कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा गर्न बाँकी रु २९९६७- असुल गरी दाखिला हुनु पर्दछ। एक सहायक स्तरको कर्मचारी २०७२।१२।४ देखि लागुहुने गरी सेवा अवकाश भएकोमा चैत्रको पूरै महिनाको तलब भत्ता तथा पोशाक समेत खर्च लेखेको पाईयो । यसरी पुरै महिनाको तलब, भत्ता खर्च लेखेकोमा २७ दिनको बढी भुक्तानी भएको रु.२५,६००। - असुल हुनुपर्दछ ।

६. **थप दस्तुर** आर्थिक कार्यबिधि नियमाबली,२०६४ अनुसार खर्च गर्दा मितव्ययी ढंगबाट गर्नु पर्नेमा कार्यालयले २०७२१०।१० को बिलबाट थप दस्तुररु.८०००।- समेत भुक्तानी गर्दा अतिरिक्त व्ययभार पारेकोले नियन्त्रण हुनुपर्दछ ।

७. **फरक शीर्षक :** स्वीकृत बजेटबाट खर्च गर्दा तोकिएको खर्च शीर्षकअनुसार खर्च गर्नुपर्दछ । करार सेवाको पारिश्रमिक अन्य सेबा शुल्कबाट खर्च लेख्नु पर्नेमा नौ कर्मचारीको पारीश्रमिक रु. १२,०४,९२०। - तलब शिर्षकबाट अनियमित खर्च लेखेको छ ।

८. **पेश्की** : आर्थिक बर्षको अन्त्यसम्म २ कर्मचारीको नाममा रु.४०००० र पेश्की बाकी रहेकोले असुल फछ्र्योट हुनु पर्दछ ।

९. **पोखरी संरक्षण** : खयरवाना सामुदायिक वन क्षेत्रको पोखरी मर्मत र एक सामुदायिक वन महुलीको एकमारे पोखरी संरक्षण सम्बन्धमा भएको कार्यको यथार्थता यकिन गरी खर्चको सदुपयोग गराउन जिम्मेवार निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

१०. **जिल्ला बन पैदाबार आपूर्ति समितिः** लक्षितबर्गलाई बितरण गर्ने प्रयोजनका लागि ३७००० क्यू.फि.काठ टि.सी.एन.बाट खरिद गरी आपूर्ति गर्न जिल्ला बन कार्यालय उदयपुरलाई पेश्की समेतनजनाई रु.५०००००। - पठाएकोमा रु.२२४०१८। - को १ हजार ३७६ क्यू.फि. काठ आपूर्ति भई रु.२७५९८१।- फिर्ता प्राप्त भएको छ । प्राप्त काठको आम्दानी, खर्च र बाँकीको अभिलेखका साथै काठ आपूर्तक टि.सी.एन.बाट जारी गरेको बीजक समेत पेश हुनुपर्दछ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले मर्मतयोग्य सामान मर्मत गरी चालु अबस्थामा ल्याउनु पर्ने, उल्लेख भएकोमा मर्मत संभारको व्यवस्था नमिलाएको, मर्मत हुन नसक्ने सामान समयमै लिलाम बिक्री नगरेकोले ऐन नियमले तोकेको प्रक्रिया एवं व्यवस्थाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ ।

२. **खर्च संरचना :** कार्यालयले यो बर्ष रु.३२१०२२४७ - पुँजिगत खर्च गरेकोमा तेश्रो चौमासिकमा रु.३१७३५३४८। - र अर्थात् ९८.८५ प्रतिशत र आषाढ महिनामा रु.१६२८२१९९। अर्थात् कूल खर्चको ५०.७१ प्रतिशत खर्च गरेको छ । तोकिए बमोजिम समानुपातिक रुपले चौमासिक खर्च गर्नुपर्दछ ।

३. **दोहोरो खर्च** : कार्यालयले संरक्षणका कार्यहरु उपभोक्ता समूह मार्फत् संचालन गरेको छ। उपभोक्ताले गर्ने कार्यहरुमा कार्यालयबाट रु.१,७१,६००। - सुपरभाईजरको पारिश्रमिक खर्च लेखेको छ। यस प्रकार दोहोरो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

## महिला तथा वालवालिका कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा जिन्सी सामानको विवरण खुलाई प्रतिबेदन तयार गर्नु पर्नेमा जिन्सी निरीक्षण फाराममा कैफियतमात्र उल्लेख गरेको, वार्षिक खरिद योजना तयार नगरेको र रु.२५ हजार भन्दा वढीको खरिद गर्दा लागत अनुमान तयार नगरेको, अग्रिम कर कट्टा गरी राजश्व दाखिला नगरेको, वैक भौचर सम्वन्धित सेस्तामा नराखेको र व्यवस्थित किसिमले फाइलमा नराखेको,वैक नगदी किताव खातावन्दी गरी प्रमाणित गराई नराखेको आदि व्यहोरा देखिएको छ । ऐन नियमले तोकेको प्रक्रिया एवं व्यवस्थाको अबलम्बन गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ ।

२. **अनुदान खर्च** : स्वीकृत कार्यक्रम अनुसार यो बर्ष ३ सस्थालाई रु.४,५०,०००/, २ संस्थालाई रु.३ लाख र अन्य गाउ विकास समितिस्तरका संस्था समिति १८ लाई रु.२७००००। - अनुदान खर्च लेखेको छ। अनुदान प्राप्तगर्ने सस्थाहरुको आर्थिक बर्ष खुलाई अभिलेख राखेको देखिएन। प्रत्येक बर्ष फरक संस्थालाई अनुदान दिएको भए पनि अभिलेख अद्यावधिक गरी अनुदान उपयोग स्थिति सम्बन्धमा अनुगमन हुनुपर्दछ।

३. **ऋणात्मक मौज्दात** : लैङ्गिक हिंसा निबारणको लागि एकीकृत बिकास कार्यक्रममा कार्यालयले बिगत बर्षदेखि रु. ५०५५०।- श्रृणात्मक मौज्दात देखाउदै आएकोमा सो को सोधभर्ना प्राप्तहुन नसकी यो बर्ष पनि स्थिति यथाबतै रहेको छ। सम्बन्धितबाट सोधभर्ना प्राप्त गरी हिसाव मिलान हुनु पर्दछ।

जिल्ला बालकल्याण समितिको गतबर्षको मौज्दात रु.५५४४८४।२२ रहेकोमा कार्यालयले रु.५,५०,००४। - मात्र यस बर्ष मौज्दात देखाएकोले घटी जिम्मेवारी सारेको रु.४,४८०।- को सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नु पर्दछ।

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्न राजश्व अशूली र दाखिला बिबरण नराखेको, राजश्व बाँडफाँड गरेकोमा खाता प्रमाणित नगरेको, बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, धरौटी खाता अद्यावधिक नगरेको आदि अवस्था देखिएको छ। ऐन नियमले तोकेको व्यबस्था एबं प्रकृया अबलम्बन गरी आन्तरिक नियन्त्रणलाई प्रभाबकारी बनाउनुपर्दछ।

२. **भू-सूचना** : भूमिसुधार सम्बन्धी ऐन, २०२१ तथा मालपोत ऐन, २०२० मा भूमिमाथि रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने,मालपोत कार्यालय र नापी कार्यालय बिच एकीकृत भू-सूचना प्रणलीको स्थापना गर्ने, एकीकृत जग्गाधनी पूर्जा वितरण गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको पाइएन।

२. **मूल्याङ्कन** : रजिष्ट्रेशन पास गर्दा घर जग्गाको न्यूनतम मुल्याङ्कन पुस्तिका र घर बाटो सिफारिस गर्दा जग्गाको अवस्थिति, सडकको पहुँच, तथा अन्य सुविधा पुगेको आधारमा जग्गाको वर्गीकरण नगरी अबल, दोयम, सिमर चाहार गरी बर्गीकरण गरेको पाइयो। यसबाट राजस्व असुलीमा असर परेको देखिन्छ। जग्गाको न्यूनतम मूल्याङ्कनलाई वस्तुपरक वनाइनु जरुरी छ।

३. **राजस्व बाँडफाँड** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ अनुसूची २६ मा रजिष्ट्रेशन दस्तूर असुली एवं वाँडफाडको तरीका उल्लेख गरेको छ। कायालयले यो वर्ष असुल गरेको वाँडफाँड योग्य रकम रु.५,९९,५४,६७९।०० मध्ये वाँडफाँड नभएको रु.३,३२,९४,६३१। वाँडफाँड गरी रु.२७,७७,०४७४५ स्थानीय निकाय पठाई बाँकी ३०५१७५८४। सञ्चित कोष दाखिला गर्नुपर्दछ।

४. **खर्चप्रमाण** : कार्यालयले २०७२ श्रावणदेखि आश्विन र चाडपर्ब खर्च भुक्तानी गर्दा क.सं. कोष, ना.ल. कोष, बीमा र कर कट्टा हुने रकम सम्बन्धित खातामा दाखिला गरिसकेपछि कर्मचारीहरुलाई बितरण गर्नु पर्ने खूद रु.२०२१५९७३६ मध्ये रु.१९१७०९८।३८ सम्बन्धित कर्मचारीको बैंक खातामा पठाएको छ। बाँकी रु.९४४९८।९८ सम्बन्धित कर्मचारीको बैंक खातामा जम्मा गरेको प्रमाण पेश नभएकोले सो यकिन गर्नु पर्दछ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण प्रणाली मूल्याङ्कन गर्दा तोकिएको ढाचामा सिलसिलेवार नम्वर खुलाई राजस्व आम्दानीको अभिलेख नराखेको, जिन्सी खाता प्रमाणित नगरेको स्पेसिफिकेसन मूल्य र विवरण नखुलाएको, माग फाराम र हस्तान्तरण फराम वेगर जिन्सी खातामा खर्च जनाएको, व्यवस्थित रुपमा भण्डारण नभएको, औषधी रेकर्डको कम्प्यूटरकृत अभिलेख प्रणाली प्रयोगमा नल्याएकोले औषधी लगायत अन्य सामग्री आधार वेगर खर्च जनाएको आदि व्यहोरा देखिएको छ । औषधी भण्डारण तथा अन्य कागजातहरुस्वास्थ्य संस्थाको लागि औषधी आपूर्ती व्यवस्थापन तथा भण्डारण व्यवस्था अद्यावधिक गर्नुपर्दछ ।

२. **प्रगति** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २३ अनुसार स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रगति हासिल गरेको हुनुपर्दछ । स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरेकोमा एक कार्यक्रममा ५६ प्रतिशतको प्रगति देखाएको छ । युनिसेफ तर्फको आयोडिन नून सम्वन्धी जनचेतना, विद्यालय स्वास्थ्य तथा पोषण, लक्षित समूहका लागि पोषण कार्यक्रम, कालाजार रोगीको उपचार तथा केश वेस सर्भिलेन्स वार्षिक प्रतिवेदन तयारी र छपाई लगायतका कार्य सञ्चालन हुन सकेको देखिएन । वार्षिक लक्ष्य अनुरुप कार्यक्रम सञ्चालन गर्न ध्यान दिनुपर्दछ ।

३. **कार्यक्रम खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ तथा कार्यलयलाई प्राप्त खर्च गर्ने अख्तियारीको निर्देशन वमोजिम चौमासिक विभाजन अनुसार  खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने गरी तोकेको छ । पूँजीगत तर्फ दुई बजेट उपशीर्षकको कुल खर्च रु.२,९७,७१० तेस्रो चौमासिकको आषाढमा खर्च गरेको देखिन्छ । एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमको कुल खर्च रु.४८,६८,२७४/- तेस्रो चौमासिकमा (१००%) खर्च गरेको, दुई ठेक्का तथा सोको खरिद लागत अनुमान सम्वन्धी कार्य दोस्रो चौमासिकमा शुरु गरे पनि खरीद सम्झौता तथा ठेक्का बन्दोबस्तबाट आपूर्ति सम्वन्धी कार्य तेस्रो चौमासिकको अन्तिम अवधिमा गरेको देखियो । वर्षान्तमा काम गराउँदा समयमै स्वास्थ्य सेवा प्रवाह मा बाधा पर्ने भएकोले निर्धारित समयमा कार्य सम्पादन गर्न ध्यान दिनुपर्दछ ।

४. **खरिद प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (घ) मा बोलपत्र वा प्रस्ताव सम्बन्धी काम कारवाहीमा कुनै किसिमले संलग्न हुने वा अन्य प्रतिस्पर्धी वोलपत्रहरूको सहभागीतामा हस्तक्षेप नहुने गरी आचरण पालना गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयबाट बोलपत्रको माध्यमबाट औषधी खरीदको ४२ जनाले बोलपत्र खरीद गरेको मध्ये ४ ले मात्र दाखिला गरेको, न्यानो झोला खरीदमा ३ संस्थाले मात्र बोलपत्र दाखिला गरेको देखिएको र लागत अनुमानको तुलनामा क्रमश ०.३२ र ०.०२ प्रतिशत घटी अर्थात लागत अंकको हाराहारी मै खरीद सम्झौता तथा कायान्वयन भएको देखिएको छ ।

५. **सोझै खरीद** : खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक प्रक्रियाबाट गरिनुपर्दछ । यो वर्ष खरीद मध्ये नमूना छनौटको आधारमा परीक्षण गर्दा रु.२५,६३,८४३/- मूल्यको सामान सोझै खरीद गरेको देखिन्छ । औषधी सोझै खरीद गर्न एम आर पी मूल्यबाट औषधि खरिद गरेको यकिन नहुने र गुणस्तर र म्याद सकेको मिति ग्यारेन्टी नहुने हुदां आबश्यकताको पहिचान गरी बिभागीय निर्देशनमा रही प्रतिस्पर्धात्मक तवरले कम लागतमा खरिद गर्नुपर्दछ ।

५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार तोकिएको सिमा भन्दा वढी एउटै व्यक्ति वा फर्मसँग एक आर्थिक वर्षमा एक पटक भन्दा बढी सोझै खरीद गर्न नसकिनेमा एक

फार्मेसीबाटरु. ५,९९,७००।- र अर्को मेडिकल हलबाट रु.३,४९,९२८। - को औषधी सोभै खरिद गरेको नियमसम्मत देखिएन ।

५.२ परिवार स्वास्थ्य महाशाखाबाट निर्धारित संख्या र गुणस्तर बमोजिम प्रति न्यानो भोला १३ पिस भएको सेटको मूल्य रु.८४७.६६ को आधारमा लागत अनुमान कायम गरी प्रतिस्पर्धात्मक तबरबाट खरीद गर्नुपर्दछ । कार्यालयले यो वर्षसो भन्दा बढी दर पर्ने गरी सोभै खरीद गर्दा रु. ३०,९०९।- बढी खर्च व्ययभार परेको देखियो ।

५.३ कार्यालयले पहिलो चौमासिक अवधिमा गर्नुपर्ने खरिद सम्भौता दोस्रो, तेस्रो चौमासिकमा गरेको र सोभै खरिद गर्ने गरेको औषधिका विभिन्न आइटम मध्ये नमूना छनौट परीक्षण गरेको आइटममा सोभै खरीद दर महंगो पर्न गई कार्यालयलाई रु ६६,३००/- थप व्ययभार पर्न गएको छ ।

६. **प्रयोजन बेगर खरिद** : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ३६ बमोजिम बिल भरपाई एवम् प्रमाणको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । कार्यालयले आवश्यकता पहिचान, माग फाराम, खरीद आदेश, जिन्सी दाखिला तथा सो को प्रयोगको अभिलेख वेगर रु ४२०६४५।- खर्च लेखेकोले भुक्तानी रकम असुल गर्नु पर्दछ ।

७. **खरीद आवश्यकता** : यो वर्ष सुत्केरी महिलाको लागि उपलब्ध गराउने न्यानो भोलाको वार्षिक लक्ष्य ४०० को रु.३६,००,०००।- कार्यक्रम बजेट रहेकोमा बोलपत्रवाट 3425 yfg र सोभै २ आपूर्तकबाट 600 yfg खरिद गरी रु.३४,४२,१९१।९४ खर्च गरेको देखिन्छ । यस जिल्लाका २६ वर्थिङ सेन्टरको आवश्यकताको आधारमा खरिद कार्य सञ्चालन गरेकोमा न्यानो भोला वितरण स्थिति परीक्षण गर्दा यो वर्ष खरिद परिमाण मध्ये २०७२।७।८देखि २०७२।१२।५ सम्म ५८६ थान वितरण गरी वर्षको अन्त्यमा ३४३९ थान मौज्दात रहेको देखिन्छ । बजेट खर्च गर्ने उदेश्यले मात्रा मौज्यात रहने गरी अनियमित खरिद गरेको अनियमित देखियो ।

८. **औषधिको म्याद** : औषधि खरिद गर्दा विश्व स्वास्थ्य संगठनको स्वीकृत मापदण्ड भित्र रही खरिद गर्नुपर्दछ । कायालयले औषधि खरीद सम्वन्धी कार्य गर्नुभन्दा अगावै क्षेत्रीय मेडिकल स्टोरबाट प्राप्त हुने अनुमानित विवरण तथा कार्यालयमा प्राप्त बजेट तथा कार्यक्रमको आधारमा ठेक्का बन्दोबस्त गर्ने तथा मौज्दात परिमाणको आधारमा औषधि आपूर्ति गर्ने व्यवस्था तत्काल मिलाउनुपर्दछ । लेखापरीक्षणको सिलसिलामा २०७३ माघ ८ गते औषधि भण्डार कक्षको भौतिक निरीक्षण गर्दा औषधीका भण्डार गृहमा औषधिको तथा सो सम्वन्धी भण्डार व्यवस्था उचित तबरबाट हुन नसकेको विभिन्न १९ प्रकारका औषधीको म्याद समाप्त भईसकेकोमा डिस्पोज गरेको छैन । विभिन्न औषधिको मौज्दात परिमाणको आधार लिई कार्यालयले स्वास्थ्य संस्थाको लागि औषधि आपूर्ति व्यवस्थापन तथा भण्डारण व्यवस्था अद्यावधिक गर्नुपर्दछ ।

९. **आमा सुरक्षा कार्यक्रम** : आमा सुरक्षा कार्यक्रम निर्देशिका, २०६९ (संसोधन सहित) बमोजिम प्रति ईकाई मूल्य तथा यातयात खर्च सम्वन्धित संस्थालाई सोध भर्ना दिनुपर्ने व्यवस्था छ । एक प्राथमिक स्वास्थ्य केन्द्रलाई २०७२ मंसिरदेखि फाल्गुणसम्मको सामान्य ३८२ र चौथो भिजिट २५८ देखिएकोमा सम्वन्धित संस्थाको विवरण अनुसार सामान्य ३७७, चौथो भिजिट २५२ मात्रै देखिएकोले स्वास्थ्य इकाई खर्च रु.५०००। -, सामान्यको रु. २५००।- तथा यातायात खर्च रु.२४००। - समेत बढी भुक्तानी रु.९९००।- असूलगर्नु पर्दछ ।

१०. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ अनुसार तोकिएको ढाँचामा प्रापकलाई कर वीजक दिनुपर्दछ । कार्यालयले एक आपूर्तक

संस्थाको विजक नं. केरमेट गरेको मिति २०७२।१२।२० को बिलको मूल्य अभिबृद्धि कर रु. १९३२८।४० समेत १६८००८।४० भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

११. **ढुवानी खर्च** : जिल्ला स्तरको सार्वजनिक निकायको हकमा दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा मोटामोटी लागत अनुमान तयार गरी ढुवानी कार्य गर्नुपर्ने व्यवस्था छ । एक कर्मचारीको रु.३,००,०००/- पेश्की फछ्र्यौट गरेको फाँटवारीमा औषधी, मसलन्द, फर्निचर ढुवानीमा रु.१,८०,०००/- खर्च गरेको देखिन्छ । दैनिक दर कायम गर्दा आधार स्पष्ट नखुलेको तथा ढुवानी गरेको सामान हस्तान्तरण फाराम अनुसार सम्वन्धित कार्यालयले बुझेको विवरण संलग्न नगरेकोले भुक्तानी यकीन हुन सकेन । पेश्की फछ्र्यौट फाँटवारीमा ढुवानीको रु.१८००००। प्लास्टिक बोरा खरीदको रु.२८९९८/- दैनिक भ्रमण भत्ता खर्च रु.२५६००/-, डोर हाजिरी खर्च २९४८०।- तथा फोटोकपीको रु ९०० समेत रु. २६४९७८।- बिल भरपाई फाँटवारी संलग्न रहेकोले नपुग रु ३५,०२२/- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१२. **अग्रीम कर** : नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका २०७१ अनुसार मन्त्रालयबाट नियुक्त भई कार्यरत ३ मेडिकल अधिकृतको परिश्रमिक तलब शीर्षकमा खर्च लेखेको पाइयो । एक प्राविधिक अधिकृतलाई २०७२।४।२८ देखि करारमा काम लगाई मासिक तलब रु.२७३७०/- महगी भत्ता रु.१०००/-, दशैं खर्च रु.२७,३७०। समेत रु.३,४६,९४६। भुक्तानी भएकोमा आयकर ऐन, २०५८ अनुसार वार्षिक १५ प्रतिशतले कर कट्टी नगरेको रु. ७०४१।- असुल गर्नुपर्दछ ।

१३. **पेश्की** : दादुरा, रुवेला कार्यक्रम अन्तर्गत एक खोप सुपरभाइजरको रु.५६,९७,००० पेश्की फछ्र्यौट गरेको देखियो । दादुरा रुवेला विशेष अभियान कार्यक्रमको विभिन्न सात क्रियाकलापको लागि बजेट स्वीकृत भएकोमा एकमुष्ठ पेश्की लिई एकैपटक फछ्र्यौटको लागि विल भरपाई प्रस्तुत गरेको पाइयो । फरक फरक समय र क्रियाकलापका खर्चको विल भरपाई क्रियाकलाप छुट्टिने गरी तयार नगरेकोले तोकिएको कार्यमा खर्च भए नभएको यकीन नहुने अवस्था छ ।

१४. **करकट्टी** : जिल्ला स्तर सूक्ष्म योजना र एक दिने ओरेन्टेशन भ्याक्सिनेटर तालिम एफ.सि.एच.भि ओरेन्टेशन तालिमको स्रोत व्यक्तिलाई भुक्तानी रकमबाट कर कट्टी गरेको अग्रिम आयकर रु.१९,६२०/- मध्येमा रु.११,९७०।- दाखिला गरेको प्रमाण पेश भएकोलेरु७६५०। असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१५. **प्रतिवेदन** : एक मेडिकलको बिल संलग्न गरी १३ किसिमका औषधि र सामग्री खरिद गरी रु.६६८८५।- खर्च लेखेको छ । सोसल मोविलाइजेसन नगर क्षेत्रमा रु.६००००/- बजेट बाँडफाँड भएकोमा रोड व्यानर बनाएको बिल संलग्न गरेको पाइयो । त्यस्तै कार्यक्रमको सुपरभिजन गरेको भनी प्रति स्वास्थ्य संस्था रु.३५००/- र राजविराज नगर पालीकामा थप टोली समेतको रु.४,२७,०००/- खर्च लेखेको छ । कार्यक्रम अनुगमनको बाँडफाँड, कार्यतालिका तथा समग्र कार्यक्रमको प्रतिवेदन तयार गरेको पाइएन । पेश्की फछ्र्यौट गर्दा विस्तृत विवरण उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

**१६. पेश्की बाँकी** : विभिन्न ९ पदाधिकारी/कर्मचारीको नाउँमा पेश्की बाँकी रु.3633800/- आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खर्च

भएर नजाने जिन्सी खाता छुट्टा  छुट्टै दुई खातामा दुई कर्मचारी मार्फत अभिलेख राखेको, खरिद गरिएका सामान आम्दानी बाँधी वितरण गर्दा सहायक खातामा अभिलेख नराखेको, निरीक्षण प्रतिवेदनको कैफियत महलमा विग्रिएका, टुटफुट भएका, चोरिएको लगायत जनाएकोमा सोको मर्मत सम्भार तथा लिलाम विक्री गरी जिन्सी व्यवस्थापन अद्यावधिक नगरेको, छात्रवृति वितरणको भरपाई र छात्रवृति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण र नि:शुल्क पाठ्यपुस्तकको अभिलेख खडा गरी नराखेको, खर्च तथा प्रगति विवरण नलिएको, कार्यालयले विभिन्न खरीदमा लागत अनुमान तयार नगरेको साथै स्टोरमा आम्दानी गर्दा मूल्य र विवरण नखुलाएको, विद्यालय क्षेत्र सुधार कार्यक्रम लगायत अन्य कार्यक्रममा समेत तोकिएको ढाँचामा कार्यक्रम खाता नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

२. **खर्च संरचना :** चौमासिक खर्च विभाजन अनुसार सन्तुलित रुपमा खर्च गर्नु पर्नेमा ३ पूँजिगत तथा कार्यक्रम सञ्चालनमा भएको कुल खर्च रु.४,५५,२६,९५४।- मध्ये तेस्रो चौमासिकमा रु.३९,९२,४६,४१४। - (६७.६९%) र आषाढमा रु.२३,७५,२७,७५४। - (४३.५४%) खर्च गरेको । वार्षिक कार्यक्रम अनुसार निर्धारित समयमा निकासा लिई खर्च हुन नसक्दा निर्धारित उद्देश्य प्राप्तिमा कठिनाई हुने हुँदा चौमासिक विभाजन अनुसार निकासा तथा खर्च गर्न सम्वद्ध निकायले ध्यान दिनुपर्दछ ।

३. **रोक्का रकम :** शिक्षा ऐन, २०२८ (संसोधन सहित) को दफा १५ मो जिल्ला शिक्षा समितिको राय लिई सञ्चालनमा रहेको विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न विद्यालय वन्द गर्न सक्ने व्यवस्था छ । कार्यालयले दरवन्दी व्यवस्थापन गर्न २०७२।१२।१ मा विद्यालय समायोजन तथा वन्द गर्ने निर्णय गरेका ३८ विद्यालयको राष्ट्रिय वाणिज्य बैंक राजविराज स्थित खातामा रोक्का रहेको रु. १३,०३,४२४।३२ जफत गरी सञ्चित कोष दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिएकोले आवश्यक कारवाही गरी दालिखा हुनुपर्दछ ।

४. **कार्यक्रम :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम शिक्षक सेवा तथा विकासमा रु.१६,५०,०००।- बजेट व्यवस्था गरेको छ । स्रोत केन्द्रबाट आधारभूत कक्षा १-५, अगुवा स्रोतकेन्द्र र शैक्षिक तालिम केन्द्रबाट आधरभूत तह कक्षा १-८ र माध्यमिक तहको विभिन्न शिक्षकको पेशागत विकास मेड्युल (१० दिने) कार्यक्रम सञ्चालन भएको छैन । कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम बमोजिम समयमा नै निकासाको व्यवस्था गरी शिक्षकको पेशागत तालिम जस्ता कार्यक्रम समयमै सञ्चालन गरी सम्पन्न गर्नुपर्दछ ।

५. **नन स्यालरी :** कार्यालयले विद्यालयगत विद्यार्थीसंख्याको आधारमा पर चाइल्ड फन्ड नन् स्यालरी विद्यालयहरुलाई रु.१,४९,६७,०६५।- निकासा दिएको छ । कार्यक्रम बमोजिम चौमासिक रुपमा निकासा दिनुपर्नेमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा निकासा दिएकोले यस्तो प्रक्रियामा सुधार हुनुपर्दछ ।

६. **कार्य सम्पन्न प्रतिवेदन** : जिल्ला शिक्षा कार्यालयले विभिन्न विद्यालयलाई भौतिक निर्माण सुधारमा रकम उपलब्ध गराउन निर्णय गरे अनुसार २०७२।१२।२७ देखि सुरु गरी २०७३।३।२६ सम्ममा रकम उपलब्ध गराएको छ । २०७३।३।२३ को बैठकबाट मधेश आन्दोलन वर्षात लगायतका कारण निर्माण सम्पन्न गराउन २०७३ भाद्र मसान्तसम्मको समय लिई निर्माण कार्य सम्पन्न गराउने उल्लेख गरे पनि लेखापरीक्षण समय २०७३ माघको दोस्रो हप्तासम्म रु. २,४३,००,०००।- को मात्र कार्यसम्पन्न भएको विवरण पेश गरेको छ । विभिन्न कार्यक्रमको लागि १९४ विद्यालयलाई निकासा दिएको रु. १२,७२,००,०००। - को कार्यसम्पन्न प्रतिवेदन तयार नभएकोले सो पेश हुनुपर्दछ ।

७. **सबैको लागि शिक्षा :** जिल्लाका १० स्रोत केन्द्र अन्तर्गत २३४ प्राथमिक विद्यालय ९९ निम्न माध्यमिक विद्यालय र ७७ माध्यमिक विद्यालय रहेको देखिन्छ । माध्यमिक र निम्न माध्यमिक विद्यालयको समेत प्राथमिक विद्यालय तर्फका शिक्षकहरुको तलव यसै शीर्षकबाट रु.४६,८५,०५,३८०। निकासा दिएको

छ। विद्यालयको माग फाराम स्रोत केन्द्रबाट चेक जाँच गरी विद्यालय प्रशासन शाखाको सिफारिस पश्चात विद्यालयको सम्वन्धित खातामा जम्मा गर्ने गरेको भनिए पनि विद्यालय प्रशासन शाखाबाट स्वीकृत दरवन्दी र तलवी प्रतिवेदन अनुसार भिडान भएको व्यहोरा प्रमाणित नगरी निकासा दिएको र गत निकासाको अभिलेख राखेको पाइएन।

८. **छुट निकासा** : तेस्रो चौमासिक निकासा रु. १३,४०,३९,३८३। - खर्च लेखेकोमा रु.६५७०३७। - चालु वर्षमा दोस्रो चौमासिक बढी निकासा कट्टी र रु.१५७१५५७- विगत को वढी निकासा कट्टी उल्लेख गरेकोमा विद्यालयगत विवरण तयार नगरेकोले कट्टी रकमको यथार्थतामा परीक्षण गर्न सकिएन। निकासा गर्न छुट भएको स्पष्ट विवरण र व्यहोरो नखुलाई छुट निकासा ६ विद्यालयको खातामा दाखिला गरेको पाइयो।

एक प्राथमिक विद्यालय (हिसाब नं. १७९५) को शिक्षक दरवन्दी ३ रहेकोमा प्रथम किस्ता रु. ३३०८३०।- दोस्रो रु.२७३०८०।- र तेस्रोमा रु. २९८२४६। विद्यालय खातामा जम्मा गरेको छ। छुट निकासा भनी रु. २३८३१६ पुनः निकासा गरेकोले दोहोरो निकासा असुल गर्नुपर्दछ।

९. **मा.वि./नि.मा.वि.** : प्रथम चौमासिक निकासा अभिलेख नभएको, दोस्रो चौमासिक देखि कम्प्युटरकृत अभिलेख राखेको भनिए पनि दरवन्दी एवम् तलवी प्रतिवेदन अनुसार भिडान भएको व्यहोरा प्रमाणित गरेको देखिएन। निकासा गर्दा ३ विद्यालयको छुट 544212.00 निकासा गरेको छ। छुट निकासा गर्नु पर्नाको पुष्ट्याई हुने प्रमाण संलग्न हुनुपर्दछ।

१०. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार कार्यालयले ८ स्रोत व्यक्तिको पारिश्रमिक भुक्तानीमा रु. 93115÷– सामाजिक सुरक्षा कर कट्टी गरेको भएपनि पारिश्रमिक आयकर कट्टी गरेको नदेखिएकोले राजस्व दाखिला गर्नुपर्दछ।

११. **राजस्व** : कार्यालयले यो वर्ष शिक्षा क्षेत्रको आय तथा परीक्षा दस्तुर समेत रु.१,२९,५५,६००। आम्दानी गरेको देखिन्छ। कार्यालयको अभिलेख अनुसार आवेदन दस्तुर रु.७९,५५,०००। तथा कक्षा ९ रजिष्ट्रेसन दस्तुर रु.२८३६५००। गरी जम्मा रु.१०७९१५००। - सिधै दाखिला आम्दानी देखिन्छ। कार्यालयको अभिलेखमा नदेखिएको रु.२१,६४,१००। - दाखिला विवरण खुल्न आएन। आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गरी अभिलेख व्यवस्था र वित्तीय विवरणमा एक रुपता ल्याई आर्थिक कारोबारलाई विश्वसनीय र पारदर्शी बनाउनु पर्दछ।

१२. **कार्यक्रम वेगर खर्च** : कार्यालयलाई यो वर्ष फर्निचर खरिदमा ६५००/- र मेशिनरी औजारमा रु.२,३१,०००/- गरी रु.२,९६,०००। को कार्यक्रम बजेट स्वीकृत भएकोमा फर्निचर खरिद नगरी टावेल, छाता, तौलिया जस्ता सामग्री खरिदमा रु.६५०००/- भुक्तानी गरेको देखियो।

१३. **मूल्य अभिवृद्धिकर** : मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६ (क) मा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्वन्धित कर कार्यालयलाई दिनु पर्ने उल्लेख छ। कार्यालयले रु. 30647.÷– dNo अभिबृद्धि कर भुक्तानी गरेकोमा जानकारी दिएको नदेखिएकोले मूल्य अभिवृद्धिकर समायोजन प्रमाण पेश गर्नुपर्दछ।

१४. **परीक्षा सञ्चालन पेश्की** : कार्यालयले एस.एल.सी. परीक्षा, २०७२ सञ्चालनको पेश्की खर्च लेखेको रु.४०३०४५। मध्ये पुरै रकम परीक्षा केन्द्रलाई नदिई रु १,३१,५००/- नगद राखी बाँकी रु.३८९८९५०। पेश्की दिई परीक्षा सञ्चालन पश्चात रु.३९८१२५०/- को फाँटवारी लिई पूरै ४०३०४५०।- पेश्की फछ्र्यौट गरेको देखियो। नगद मौज्दात राखेको रु ४९,२०० को प्रमाण वेगर नै फछ्र्यौट गरेको देखिएकोले नगद मौज्दात राख्नेबाट असुल गरी दाखिला हुनुपर्दछ।

१५. **दोहोरो तलब भत्ता :** कार्यालयले सरकारी रकम खर्च गर्दा दोहोरो नपर्ने गरी मितव्ययी तवरबाट खर्च हुनुपर्दछ । कार्यालयमा कार्यरत ५ प्राविधिक कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्दा २०७३ बैशाखको पारिश्रमिक दुईपटक भुक्तानी गरेको देखिकोले दोहोरो भुक्तानी रु.1,04,600÷– असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१६. **प्राविधिक अध्ययन :** सिभिल कम्प्युटर, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, बालिविज्ञान तथा पशुपालन विषय अध्यापन गराउने प्राविधिक धार तर्फका विद्यालयको शिक्षकको पारिश्रमिक स्वरुप यस वर्ष निकासा पठाएको रु. १,१६,००,४००।- मध्ये उक्त विद्यालयहरुले निर्दिष्ट कार्यमा खर्च गरेको छ छैन, सम्वन्धित विषयको अध्ययन अध्यापन भएको छ छैन सो सम्वन्धी प्रतिवेदन प्राप्त गरी खर्चको प्रभावकारीता सम्वन्धमा कार्यालयबाट अनुगमन निरीक्षण गरी प्रगति प्रतिवेदन लिने व्यवस्था गर्नुपर्दछ ।

१७. **विल भरपाई** : तेस्रो चौमासिक निकासारु.५१,४५,५६०।- खर्च लेखेको मध्ये कार्यक्रम खर्चका विल भरपाई वेगर बजेट खर्च लेखेको रु.20000/-असुल हुनुपर्दछ ।

१८. **विशेष शिक्षा :** यो वर्ष विशेष शिक्षा तर्फ मसलन्द खर्चमा रु.३५,०००।- बजेट स्वीकृत भएकोमा खर्चका फाँटवारी अनुसार रु.७०,०००।- खर्च भएको छ । स्वीकृत बजेट भन्दा रु.३५०००/- बढी खर्च लेखेकोले उक्त प्रकृयामा नियन्त्रण हुनुपर्दछ ।

१९. **उच्च माध्यमिक विद्यालय :** उच्च माध्यमिक विद्यालयमा अध्यापन गरिरहेका शिक्षकहरुको तलबमा रु. २,४३,७९,२७०।- बजेट विनियोजन भएकोमा रु.१,६५,३१,३१०। - निकासा तथा खर्च भएको छ । कार्यक्रमको रकमगत खर्च शीर्षकमा स्वीकृत कार्यक्रमभन्दा रु.22,71,540.00 बढी खर्च लेखेकोले उक्त प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

२०. **पेश्की** : युनिसेफ अर्न्तगत संचालित कार्यक्रम लागत समेतको विस्तृत विवरण अनुसार पेश्की माग भएपछी रकम उपलब्ध गराउनु पर्नेमा कार्यालयले एकमुष्ठ पेश्की उपलब्ध गराउने गरेको छ। पेश्की फछ्र्यौट गर्दा समेत खर्चका कार्यक्रमगत विस्तृत विवरण वेगर एकमुष्ठ खर्चका फाँटवारी पेश गरी कार्यालयले रु.4174550÷– पेश्की फछ्र्यौट गरेकोले कार्यक्रम खर्च यकीन गर्ने आधार नरहेको हुँदा यस्तो प्रक्रियामा नियन्त्रण तथा सुधार हुनु पर्दछ ।

२१. **गत वर्षको भुक्तानी** : यूएनएफपिए तर्फ गत वर्ष सञ्चालन भएको कार्यक्रमको फाँटवारी बमोजिम स्वीकृत म.ले.प.फा.नं. १८ बेगर एक स्रोत व्यक्तिलाई कार्यक्रम खर्च रु-49650/- भुक्तानी गरेको देखिन्छ ।

२२. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको व्यक्ति वा संस्थाले नियमानुसारको कर विजक जारी गर्नुपर्ने र उक्त कर भुक्तानीको जानकारीसम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले कार्यालय सञ्चालनका लागि आपूर्ति गर्ने ६ आपूर्तकलाई रु.176304/78 मूल्य अभिबृद्धिकर समेत भुक्तानी गरेकोमा कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनु पर्दछ ।

२३. **प्रति विद्यार्थी :** आधारभूत र माध्यमिक तर्फ गरी यो वर्षप्रति विद्यार्थी खर्च रु.१ करोड ३८ लाख ४४ हजार ८२३ निकासा गरेको छ । चौमासिक रुपमा निकासा दिनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा मात्र निकासा गरेको पाइयो । कार्यालयले समयमा नै निकासा दिई निर्देशिकामा उल्लेख भए बमोजिम आधारभूत (कक्षा १-८) र माध्यमिक शिक्षकको दरबन्दी मिलान गरी विद्यार्थी संख्या र शिक्षकको अनुपातको आधारमा विद्यालयलाई प्रति विद्यार्थी एकाई लागतबाट निकासा उपलब्ध गराउनु पर्दछ ।

२४. **पाठ्यपुस्तक :** शैक्षिक सत्र प्रारम्भ भएको १५ दिनभित्र पाठ्यपुस्तक उपलब्ध हुने गरी दोस्रो चौमासिकमा नै विद्यालयहरुलाई निकासा दिनुपर्नेमा कार्यालयले तेस्रो चौमासिकको शुरु तथा आर्थिक वर्ष को अन्त्यतिर निकासा गरेको कारण विद्यार्थीले समयमा नै पाठ्यपुस्तक प्राप्त गरेको देखिएन । पहिलो निकासा गर्दा विद्यार्थी संख्याको ७५ प्रतिशतले निकासा दिनुपर्नेमा पहिलो पटक ३९७ विद्यालयको विवरण संकलन गरी रु.२,५०,४१,८२०।२० तथा पछि तीन पटक गरी विद्यार्थी संख्याको आधारमा १८,७६,३४२/६१ छुट पाठ्यपुस्तक भनी विद्यार्थी संख्याको ६० प्रतिशत दोस्रो/तेस्रो निकासा गरेको कारण निर्देशिका बमोजिम निकासा गरेको छैन । कार्यालयले निर्देशिकाले गरेको व्यवस्था बमोजिम विद्यार्थी संख्या यकीन गरी सोको आधारमा शैक्षिक सत्र प्रारम्भ भएको १५ दिनभित्र विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गर्ने गरी निकासा गर्नुपर्दछ ।

२५. **दिवा खाजा :** दिवा खाजा उपलब्ध गराउँदा शैक्षिक क्यालेन्डर बमोजिम विद्यालय सञ्चालन हुने दिन र दोस्रो तथा तेस्रो चौमासिकको निकासा दिँदा पहिलो निकासाबाट विद्यालयले खाजा खुवाए नखुवाएको निश्चित गरी निकासा दिनुपर्ने व्यवस्था छ। यस वष५६ विद्यालयलाई ४० दिनको हिसाबले हुने रकम रु.४७,४१,०७३।- निकासा गरेको छ । निकासा गर्दा विद्यार्थीको हाजिरी विवरण लिई दिवा खाजा खुवाउनु पर्ने विद्यार्थी संख्या यकीन गरेको छैन । विद्यार्थी संख्या हाजिरी विवरण तथा दिवा खाजा खुवाएको सुनिश्चित गरी समयमा नै निकासा दिनुपर्नेमा तेस्रो चौमासिकमा मात्र निकासा दिएकोले यसमा सुधार हुनुपर्दछ ।

२६. **राजस्व तर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा तोकिएको ढाँचामा लेखा अद्यावधिक राख्नुपर्ने र कार्यालयले यो वर्ष रु.१,६६,२७,३५१।- राजस्व आम्दानी गरेकोमा राजस्व आम्दानीको अभिलेख म.ले.प.फा.नं. १०८ मा समावेश गर्नुपर्दछ ।

२७. **असुली :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । एक परामर्शदातालाई रु. ४४०००।- पारिश्रमिक भुक्तानी गरेकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरेकोले घटी भएको कर रु ६१६०/-, कक्षा-८ को सुदृढिकरण कार्य वापत एक अधिकृतलाई रु. ३,३६,५००।- खर्च लेखी शोधभर्ना भुक्तानी गरेकोमा १० ओटा स्रोतकेन्द्रमा उत्तर पुस्तिका र प्रश्नपत्र ढुवानी गर्न ढुवानी खर्च रु. ६५,५००/- खर्च लेखेकोमा १० प्रतिशत अग्रिम कर कट्टा नगरेको रु.६,५५०। र परीक्षा प्रशासनिक कार्य वापत १० जनाको रु. ५०,०००।- खर्च लेखेकोमा १ जनाको विवरण समेत नखुलाई भुक्तानी गरेकोले १५ प्रतिशत कर कट्टा कटाई बाँकी रकम समेत रु १०,८००/- असुल गर्नुपर्दछ । एक अधिकृत कर्मचारी सेवाकालिन तालिममा भाग लिई फर्कंदाको दैनिक भ्रमण खर्च लेख्दा बृद्धि भएको अवधि २०७२।२।२३ भन्दा अगाडि साविक दरमा गणना गरेर खर्च लेख्नु पर्नेमा बढि लेखेको रु. 7200÷– असुल गर्नु पर्दछ ।

२८. **अनुगमन तथा फिर्ता दाखिला** : विभिन्न १० विद्यालयलाई पूर्वाधार विकासका लागि आर्थिक वर्षको अन्त्यमा रु.४२,००,०००।- अन्त्यमा कार्य सम्पादन सम्झौता नगरी भुक्तानी गरेकोमा सो को पुष्ट्याई हुने प्रगति तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । साथै रु.३,००,०००।- निकासा भएको एक मदरसाको जिल्ला शिक्षा कार्यालयको अभिलेखमा नरहेको र ठेगाना समेत नखुली बैंकको अप्रमाणित खाता मात्र रहकोले सो रकम फिर्ता लिई सञ्चित कोष दाखिला हुनुपर्दछ ।

२९. **अग्रीम कर** : कार्य सञ्चालन कोष (शिक्षा सेवा आयोग) को परीक्षा तयारीमा रु.२,२९,३००।- खर्च गरी पेश्की फछ्र्यौट गर्दा आयकर ऐन, २०५८ अनुसार अग्रिम कर कट्टा गरेको रु. १०,४००।- सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

३०. **पेश्की :** सवारी चालकलाई इन्धन/विविध वापत पेश्की रु. २०,०००। दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

३१. **भर्पाइ :** बहिरा बालक विद्यार्थीलाई छात्रवृत्ति स्वरुप रु. ६०,०००।- निकासा गरेकोमा सम्वन्धित विद्यार्थीले बुझेको भरपाई संलग्न नरहकोले सो को प्रमाण पेश हुनुपर्दछ ।

३२. **कार्य सञ्चालन कोष** : एक व्यक्तिलाई भुक्तानी गर्दाको अग्रिम कर रु. ४५०।- सञ्चित कोष दाखिला गर्नु पर्दछ ।

३३. **प्रारम्भिक बालविकास केन्द्र :** कार्यक्रम अनुसार विभिन्न १० स्रोतकेन्द्रका विद्यालयलाई सहयोगी कार्यकर्ताको मासिक पारिश्रमिक रु.३०००।- र स्रोतकेन्द्रलाई वार्षिक रुपमा ३०००।- मसलन्द गरी विद्यार्थी संख्याको अनुपातमा रु.२,५९,३१,९८८।- खर्च भुक्तानी गरेको देखिन्छ । विद्यालय संख्या र निर्धारित दरमा सहयोगी कार्यकर्ताको पारिश्रमिक दर गणना गर्दा प्रथम चौमासिकमा अघिल्लो वर्षको छुट भनी रु. ८४,०००।-, दोस्रो चौमासिकमा रु.६,२२,५०० छुट भनी खर्च लेखेको र तेस्रो चौमासिकमा रु. ११,२६,७३०। - समेत रु. १८,३३,२३०।- को खर्च यकीन गरेको प्रमाण पेश हुनुपर्दछ ।

३४. **बढी खर्च :** विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट कार्य सञ्चालनको सिलसिलामा कार्यक्रम निर्देशिका अनुसार चिया खर्च वार्षिक रु. १२,०००।- र आय कार्यक्रम सञ्चालन एवम् व्यवस्थापनमा खर्च प्रति महिना रु.२३३०।- का दरले रु. २८,०००।- समेत वार्षिक ४०,०००।- लेख्न सक्ने व्यवस्था छ । कार्यक्रम शाखाका एक कर्मचारीको खर्चको फाँटवारी अनुसार उक्त कार्यमा रु. ७७,७५०।- खर्च गरेकोले रु. ३७,७५०।- बढी खर्च गरेको रकम असुल हुनुपर्दछ ।

३५. **पेश्की फछ्र्यौट** : विद्यालय तथा निकायगत कार्यसम्पादन परीक्षण, जिल्ला अभिमुखिकरण गोष्ठी सम्पन्न गरेको भनी एक विद्यालय निरिक्षकको ४२,१००।- पेश्की फछ्र्यौट गरेकोमा विल भरपाई प्रमाणित नगरेको, पेश्की फछ्र्यौट गरेको निवेदन पनि नभएको, खर्चको जोड जम्मा समेत गरेको छैन् । संलग्न विल भन्दा रु.१५००/- बढी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **लक्ष्य प्रगति :** यो वर्ष सामाजिक परिचालन तर्फ रु.४ लाख ७३ हजार र गरीवी न्यूनीकरणका लागि सामाजिक समावेशी कार्यक्रम तर्फ रु.११४३०००। - प्रस्ताव भएको देखिन्छ । स्थानीय विकास कोष सञ्चालक समितिको बैठकबाट बजेट बाँडफाँड स्वीकृत विवरण अद्यावधिक तथा खर्च समर्थन गरेको नदेखिएकोले यस प्रक्रियामा सुधार हुनुपर्दछ ।

२. **कार्यक्रम अभिलेख :** साविकमा स्थानीय विकास कोष मार्फत सञ्चालन भएको गाउँ विकास कार्यक्रममा स्थापना गरिएको ऋण पूँजी चालु कोषको कुल रकम, लगानीमा रहेको रकम वा असुली हुन नसकी भाखा नाघेको ऋणको विवरण सम्म पनि तयार गरेको पाइएन । यस सम्वन्धमा छलफल हुँदा १५ गाउँ विकास समितिमा कार्यक्रम लागू भएकोमा ५ वटा सामुदायिक विकास कोष वनाई रु.२ लाख ५० हजारको दरले हस्तान्तरण गरेको जवाफ प्राप्त भएको छ । ऋण पूँजीको कुल रकम, भाखा नाघेको ऋण पूँजी र मौज्दातको विवरण अद्यावधिक हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **स्थानीय निकायको लेखापरीक्षण :** प्राप्त विवरण अनुसार यस जिल्लामा लेखापरीक्षण गर्नुपर्ने ५ नगरपालिका र ९१ गाउँ विकास समितिको लेखापरीक्षण गर्न ३३ लेखापरीक्षकको विवरण सहित सिफारिस गर्ने निर्णयसम्म गरेको देखियो । यसैगरी नगरपालिकाको समेत परिषद बैठकबाट नियुक्ति प्रक्रिया अगाडी बढाए पनि आर्थिक वर्ष समाप्त भएको ७ महिनासम्म लेखापरीक्षण गर्ने कार्य भई सकेको नदेखिंदा समयमै लेखापरीक्षण सम्पन्न गर्न गराउन ध्यान दिनुपर्दछ ।

२. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१)(द) मा अनुसूची-२३ को ढाँचामा कार्यालयले प्रत्येक महिना बैंक हिसाब समायोजन विवरण तयार गर्नुपर्ने उल्लेख छ। स्रेस्ता अनुसार रु.२६५९५१४८।५५ र १३ बैंक खाताको बैंक विवरण अनुसार रु.५,३८,१५,०५३।१० मौज्दात देखिएको छ । बैंक बढी देखिएको रु.३,२०,६१,३४७६२ को बैंक समायोजन हिसाव विवरण तयार गर्नुपर्दछ ।

३. **जिम्मेवारी :** वातावरण व्यवस्थापन कोष खाताको गत वर्षको मौज्दात रु.२५,४१,०४९।०० यस वर्ष केन्द्रीय खातामा समावेश गरेकोले गत वर्षको कोषको जिम्मेवारीमा सोही रकमले फरक पर्न गएको छ ।

४. **सञ्चित कोष दाखिला :** जिल्ला विकास समिति आन्तरिक कोष पूँजीगत तर्फ कुल निकासा रु.८३,१०,९८७५५ खर्च रहेकोमा रु.८३,७७,३१।०० गरेकोले रु.६६,०४३।४५ बढी खर्च गरेको देखिएको छ । विभिन्न बजेट उप शीर्षकको आयकर ऐन, २०५८ अनुसार भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको रकम तथा नियमानुसार धरौटी कट्टा गरेको रु.६६०४३/- सम्वन्धित गोश्वारा भौचरमा संलग्न गरी  आम्दानी गरी राखेको छैन । आन्तरिक नियन्त्रण तथा अभिलेख अद्यावधिक गर्ने तथा दाखिला गर्न बाँकी रु.६६,०४३/- सञ्चित कोष दाखिला हुनुपर्दछ ।

५. **खर्च स्थिति :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको  विवरण अनुसार पूँजीगत शीर्षकको बार्षिक खर्च रु.७२३२३५७०।- तेस्रो चौमासिकको अन्त्यमा खर्च भएको देखिन्छ । तोकिए बमोजिम समानुपातिक रुपले चौमासिक रुपमा खर्च गर्नुपर्दछ ।

पुँजीगत खर्च खाता तर्फ कार्यक्रमका लागि रु.४१०,००,०००।- बजेट स्वीकृत भएकोमा रु . ८३,७७,०५१/- खर्च भएको छ । अधिकाँश खर्च आषाढ महिनामा भएकोले आर्थिक बर्षको अन्त्यमा खर्च गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

६. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा समेत हुने गरी पटक पटक खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले दुई आयोजनामा कार्यक्रम वजेट रु.८ लाख रहे पनि दुई दुई प्याकेज गरी निर्माण सेवासंग २०७३।२।३२ मा सम्झौता गरी सोझै कार्य गराएको देखिन्छ। प्रतिस्पर्धात्मक तवरले खरिद कार्य गराई खरिद खर्चमा मितव्ययिता ल्याउनु पर्नेमा टुक्रा पारी सोझै कार्य गराउँदा लागत अनुमानको हाराहारीमै रु.१३९५०८५।- खर्च भएको छ।

६.१. **भेरिएसन आदेश :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५०(क) वमोजिम सम्झौता मूल्यको १० देखि १५ प्रतिशत सम्मको भेरिएसन आदेश प्रयाप्त प्राविधिक पुष्टयाई सहित जिल्ला विकास समितिबाट गराउनु पर्दछ । एक ठेक्कामा उक्त प्रक्रिया नपुऱ्याई स्थानीय विकास अधिकारीको निर्णयको आधारमा १० प्रतिशत बढी रु.२५४८६५१।४४ को भेरिएसन आदेश स्वीकृत गरेको नियम सम्मत देखिएन ।

६.२. **जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । एक निर्माण सेवाको कार्य सम्पादन जमानत लिएको प्रमाण नै पेश नभएको र अर्को निर्माण सेवाको घटी अवधि जमानत भएकोले बाँकी अवधि थप गर्ने तथा कार्य सम्पादन जमानत  लिएको रु.२३८२७३३।- को प्रमाण पेश हुनुपर्दछ ।

६.३. **पुल प्रवेश मार्ग :** दुइ जिल्ला जोडने  पुलको निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा सडक खण्डबाट पुल प्रवेश गर्ने बाटो घुमाउरो (छडके) रहेको पाईयो ।सवारी अवागमनमा दुर्घटना हुने सम्भावना तर्फ ध्यानाकर्षण गराउँदा परामर्शदाताबाट डिजाइन तयार गर्दा कमि कमजोरी रहेको सम्बद्ध पक्षको भनाई रहेको छ । त्रुटिपूर्ण डिजाइन गर्ने र स्वीकृती दिनेलाई जिम्मेवार बनाउनु पर्दछ ।

७. **नदी नियन्त्रण :** सिंचाइ तथा नदी नियन्त्रण कार्यमा रु.४० लाख विनियोजन भएकोमा रु.२२७६९९७।- निकासा लिई खर्च गरेको देखिन्छ । वार्षिक कार्यक्रम अनुसार महुली नदीमा सिंचाइ योजना १ नं. सञ्चालन गर्न जोगिनियाँ वार्ड नं. १ मा रु.१० लाख विनियोजन भएकोमा योजना सन्चालन नभएकोले भुक्तानी गरेको छैन ।

८. **भुक्तानी वाँकी** : झोलुगें पुलको बार्षिक प्रगति विवरण अनुसार नियमित मर्मत तथा झुलुङ्गे पुल निर्माणको लागि क्रमशः १८ हजार र ३ लाख विनियोजन गरेकोमा उक्त कार्यक्रम सञ्चालन गरेको पाईएन । यस्तै एक झोलुङ्गे पुल र प्रोटेक्सन कार्य (वृहत मर्मत) हर्दिया १ को झोलुङ्गे पुलको लागि कार्यक्रम वजेट क्रमशः रु.४ लाख २८ लाख समेत राखेकोमा यो वर्ष कार्यक्रम संशोधन नगरी अन्य कार्यक्रममा लागि खर्च गरेकोले दुबैको क्रमशः रु.२ लाख र ८ लाख समेत रु. १० लाख भुक्तानी दिन बाँकी राखेको छ ।

८.१. **खर्चमा समन्वय** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ३५ मा खर्च गर्ने अधिकारीले स्वीकृत कार्यक्रम र अख्तियारीको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कल्याणपुर-३ मझौ झोलुङ्गे पुल र हनुमाननगर  गोबरगाढा  २ झोलुङ्गे पुल को विस्तृत सर्वेक्षण गर्न रु.८ लाख विनियोजन भएकोमा रु.१४३१२५८।- खर्च लेखी भुक्तानी गरेको देखियो । कार्यालयले स्वीकृत कार्यक्रम वजेटमा संशोधन नगरी दूई कार्यक्रममा भुक्तानी दिन बाँकी राखि सर्वेक्षण कार्यमा विनियोजित वजेट भन्दा रु.६३१२५८।- बढी खर्च गरेको देखियो । प्रगति विवरणमा सो अनुरुप वित्तिय खर्च नदेखिएकोले खर्च विवरण र प्रगतिमा समन्वय हुनुपर्दछ ।

८.२. **गैर सरकारी संस्था छनौट** : झोलुङ्गे पुल निर्माणको परामर्श कार्यका लागि सम्वन्धित पक्षलाई सूचना समेत प्रवाह नगरी कायालयले खरीद प्रक्रिया र प्रतिस्पर्धा वेगर झोलुङ्गे पुल निर्माणको परामर्श कार्यमा विगत वर्ष देखि गैर सरकारी संस्थाको प्राविधिक क्षमता समेत परीक्षण नगरी २०६८।२।५ देखि एक गैर सरकारी संस्थालाई छनौट गर्दै आएको देखियो । पटक पटक गरी सम्झौता म्याद २०७४।२।५सम्म कायम गरेको देखियो । गैर सरकारी संस्थाको प्राविधिक क्षमता समेत परीक्षण नगरी विगतको सम्झौताको आधार जनाइ म्याद थप गरी यो वर्ष कुल लागत रकमको ६ प्रतिशतका दरले सेवा शुल्क रु.६,२३,४०६।४७ खर्च गरेको छ । नियम विपरीत सोझै गैह्र सरकारी संस्था छनोट गरी खर्च गरेको नियमसंमत देखिएन ।

यो वर्ष ९ झोलुङ्गे पुल को लागत अनुमान, डिजाइन र ड्रईङ्ग वापत उक्त संस्थालाई सम्झौता रकमको ३० प्रतिशतले रु.६२३४०६।४७ भुक्तानी गरेको देखिन्छ । आयकर ऐन २०५८ को दफा ८८ अनुसार मूल्या अभिबृद्धि करमा दर्ता नभएको संस्थालाई सेवा कार्यको भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम कर कट्टा गर्नु पर्नेमा १.५ प्रतिशतले हुने रकम मात्र कट्टा गरिएकोले नपुग रु.८४१६०।- सञ्चित कोष दाखिला  हुनुपर्दछ ।

९. **अवकास :** सेवा निवृत हुने कर्मचारीको पदमा वहाल रहेको दिन सम्मको मात्र तलव भत्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले २ कर्मचारीको सेवा निवृत्त भएको महिनाको  तलव भत्ता खर्च लेखेकोले असुल गरी रु.३२२२७०० संचित कोष दाखिला हुनुपर्दछ ।

१०. **शान्ति समिति** : कार्यालयलाई यो वर्ष स्थानीय शान्ति समितिहरुलाई अनुदान दिनको लागि १८३,१,२००।०० वजेट अख्तियारी प्राप्त भएकोमा गाउ विकास समिति स्तरीय शान्ति समिति गठन भएका ७१ गाउ विकास समिति प्रत्येकलाई रु.२१८००/- का दरले १५,४७,८००।- निकासा गरेको देखिन्छ। स्थानीय स्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयन स्रम्वन्धी मार्गदर्शन, २०७० अनुरुप कार्यक्रम परिचालन भएको पुष्ट्याई हुने खर्च विवरण तथा प्रगति विवरण लिनुपर्दछ। लेखापरीक्षणको शिलसिलामा प्राप्त विवरण अनुसार ८ गाउ विकास समिति बाट यस सम्वन्धी रु.१,७४,४००।०० को मात्र खर्च विवरण प्राप्त भएको र बाँकी ६३ गाउ विकास समितिमा रु.१३७३३४०।- को कार्यक्रम परिचालन सम्बन्धी विवरण पेश हुनु पर्दछ।

११. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयले अधिकांश निर्माण कार्यको लागि आषाढ २५ गते भित्र सम्पन्न गर्ने गरी जेष्ठ र आषाढ महिनामा सम्झौता गरी कार्यादेश दिएको, धरौटीको व्यक्तिगत खातामा धरौटीको अवधि खुल्ने गरी धरौटी नराखेको, मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण संलग्न गरी धरौटी फिर्ता दिनुपर्नेमा सो वेगर १३ निर्माण व्यवसायीलाई रु.683898÷– धरौटी फिर्ता दिएको, कार्यालयबाट बिभिन्न निर्माण व्यवसायीलाई निर्माण कार्यको रु.१४२७०९/ भुक्तानी दिदा रितपूर्वकको मूल्य अभिबृद्धि करबिजक जारी गरेको नदेखिएको, तलबी प्रतिवेदन पास नगरी विभिन्न कर्मचारीको तलब रु.५१,६४,७६३।०० खर्च लेखेको, प्राप्त जिन्सी प्रतिवेदन अनुसार मोटरसाइकल १ थान चोरी भएकोमा आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडी बढाई कारवाही गर्नुपर्नेमा नगरेको, राजविराज स्थित गेष्ट हाउस भवनको जग्गा धनी पूर्जाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्ने, उपयुक्त भण्डारण व्यवस्था तथा प्रतिवेदनमा औंल्याइएका लिलाम गर्नुपर्ने तथा मिन्हा गर्नुपर्नेमा गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली कार्यालयले सुधार गर्नु पर्दछ।

**१२** **आन्तरिक लेखापरीक्षण** : समितिको आय-व्यको चौमासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा वार्षिक रुपमा गर्ने गरेको, कुनै पनि गाउ विकास समिति हरुको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन जारी नगरेको र जिल्ला विकास समिति अर्न्तगतका ९१ गाउ विकास समिति को २०७२।०७३ को आन्तरीक लेखापरीक्षण आर्थिक बर्ष समाप्त भएको ७ महिना सम्म भएको छैन। गत विगत वर्षहरुको आन्तरिक लेखापरीक्षण गरेको भएतापनि वेरुजूको लगत राखी सम्परीक्षण गर्ने गरेको देखिएन। बेरुजुको लगत राखी समयमा सम्परीक्षण गराउने तर्फ आवश्यक पहल हुनुपर्दछ।

**१३.** **सोझै खरीद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ। जिल्ला विकास समिति वोर्डको २०७३ बैशाख १३ गतेको वोर्डको बैठकले तेरहोता वार्ड नं.५ राजमार्ग देखि खोडिया टोल सडक खण्ड चेनेज०+००० देखि ०+६९१ सम्म स्तरोन्नति कार्यका लागि रु. २० लाख वजेट विनियोजन गरेकोमा सोको लागत अनुमान तयार गरी सो निर्माण कार्यलाई ४ भागमा विभाजन गरेर २०७३।२।२८ मा निर्माण व्यवसायीसँग सम्झौता गरी रु १९४४७३३।४७ को कार्य गराएको पाईयो। यसबाट निर्माण कार्य मितव्ययी एवं प्रतिस्पर्धि हुन नसकेकोले प्रतिस्पर्धा सीमित हुने गरी निर्माण कार्य गराउने प्रकृयामा नियन्त्रण तथा सुधार हुनुपर्दछ।

१४. **सिमित प्रतिस्पर्धा** : जिल्ला विकास समितिको २०७३।१।१३ को निर्णयानुसार कार्यालयले कडेरवोना वजारको राजमार्ग देखि कडेरवोना गाउँ जाने सडकको पथरवा खोलामा स्लाव कल्भर्ट निर्माण कार्यको लागि ९६९४०९।३७ उपलब्ध गराउने निर्णायानुसार स्ल्याप कल्भर्टको दुई प्याकेज गराई २०७३।२।२८ मा सम्झौता गरी निर्माण व्यवसायीहरुबाट निर्माण गराएको देखियो। सिलबन्दी दरभाउपत्र आह्वान

गरी निर्माण गराउनु पर्नेमा प्रतिस्पर्धा समित हुने गरी टुक्रा टुक्रामा कार्य गराउने प्रक्रियामा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

१५. **वीमा दाखिला** : कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरिएका सबै रकम सम्बन्धित खातामा जम्मा गर्नु पर्नेमा कार्यालयले आषाढ महिनाको तलव खर्च लेख्दा कट्टा गरेको ३४ कर्मचारीहरुको बीमा रकम रु.२०८५६० सम्बन्धित खातामा दाखिला नगराई राष्ट्रिय वाणिज्य बैंक राजविराजमा राखेको पाइयो । बीमा रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१६. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम ३ लाख भन्दा बढीको सामान एउटै आपूर्तकबाट पटक पटक खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यो वर्ष खरीद व्यवथापन गरेका कार्यको नमूना छनौटको आधारमा परीक्षण गर्दा ६ आपूर्तकबाट पटक पटक गरी रु.३१,७१,२४७ खरिद खर्च गरेका प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई मितव्ययी तवरले खर्च गर्न सम्वन्धमा औंल्याएकोमा सूचिकृत आपूर्तक संस्थाबाट खरिद गरेको र आगामी दिनमा सुधार गरिने प्रतिवद्धता कार्यालयको रहेको छ ।

१७. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा ऐनको दफा २२२ को उपदफा (७) को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधि भित्र रही ऐन वमोजिम ५० लाख देखि १ करोड सम्म आम्दानी गरेमा कुल आम्दानीको ३० प्रतिशत रकम सम्म प्रशासनिक कार्यका लागि खर्च गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यालयले ढुगा, गिटी, बालुवा, सडक दस्तुर लगायतका अन्य सामग्रीहरु बिक्री वितरणबाट रु.७६,८०,१०५।- आम्दानी गरेको देखियो । आम्दानीको ३० प्रतिशतले हुने रु.२३,०४,०३१।५० मात्र प्रशासनिक कार्यमा खर्च गर्नुपर्नेमा रु.१,४१,२०,६०५।७५ खर्च गरेको छ । तोकिएको सीमा भन्दा रु.१,१८,१६,५७४।२५ बढी खर्च गरेकोले नियमको पालना गरेको देखिएन । कार्यालयले सम्वन्धित कर्मचारीलाई जिम्मेवार बनाई सीमा भित्र रही खर्च गर्नुपर्दछ ।

१८. **अधुरो आयोजना** : राजविराज विमानस्थल २०४८ सालदेखि बन्द रहेकोमा सुधार गरी विमान उडान योग्य बनाउन जिल्ला विकास समिति, सप्तरी र नेपाल नागरिक उड्य प्राधिकरण बीच २०६६।७६ मा सहमति भएको देखिन्छ । एक निर्माण व्यवसायीसंग २०६७११।१७ मा भएको दुई पक्षीय सम्झौता बमोजिम कूल रु.१,०४,९४,९०७।९४ नेपाल नागरिक उड्यन प्राधिकरणको सिफारिसमा जिल्ला विकास समिति ले उपलब्ध गराउने उल्लेख छ । यसका लागि जिल्ला विकास समिति ले रु.१ करोड लगानी गर्ने प्रतिवद्धता गरी एक निर्माण सेवालाई २०६७।३।७ मा रु.१८,५०,०००।- कार्य सञ्चालन पेश्की उपलब्ध गरेकोमा हालसम्म निर्माण कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सर्दै आएको देखियो । निर्माण सम्झौताको बुँदा नं. ४ अनुसार कार्य सम्पादन जमानी पत्र, पेश्की जमानी पत्रको म्याद थप गर्ने तथा आवश्यक परे जफत गर्ने, म्याद थप लगायतका कार्यको सम्पूर्ण जिम्मेवारी प्राधिकरणमा हुने उल्लेख भएकोमा सम्झौता अनुसार म्याद थप अवधि २०७२।३।२५ सम्म कार्य नगरी निर्माण कार्य अधुरो रहेको पाइयो । सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार सम्वद्ध निकायले आवश्यक कारवाही गरी सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

१९. **कन्टिन्जेन्सी खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ (१) अनुसार पुँजीगत लगानीको लागि कार्यालयले ३ प्रतिशत छुट्याउने र स्थानीय निकायवाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधिनमा रही खर्च गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार ८ बजेट उप शीर्षकबाट रु.१०,७८,०००।- कन्टिजेन्सी खर्च गरेको विवरण प्राप्त भएकोमा उल्लिखित व्यवस्था अनुसार परिषदवाट स्वीकृत नगराई खर्च गरेको पाईयो । कार्यालयले ६ शीर्षकमा रु.4550787/- कन्टिजेन्सी खर्च गरेको देखिन्छ । यस्तो खर्च विभिन्न योजनाहरुको अनुगमन, भ्रमण

ज्याला, गाविसको लेखापरीक्षण, कार्यालय सामान, घरभाडा लगायतमा गरेको देखिन्छ। कार्यक्रमलाई कार्यकुशलता प्रभावकारिता तथा मितव्ययीताको सिद्धान्तअनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पुँजिगत खर्चवाट गरिने कन्टेन्जेन्सी खर्चलाई निर्धारित प्रक्रिया पुऱ्याई खर्च गर्न ध्यान दिनुपर्दछ।

२०. **न्यून बजेट** : २ वटा सडक नमूनाको लागि परीक्षण गर्दा सडकको चेनेज नखुलेको उल्लिखित सडकमा एक निर्माण सेवाले काम गरेको रु.४,८६,४५५।०१ मा ३९५ मिटर ग्राभेल भएको र तेरोहौता ५ हाइवे खोटीयानी सडकमा अर्को निर्माण व्यवसायीले रु.४,८६,४०६।५३ को लागतमा २३४ मिटर ग्राभेल गरेको नापी मूल्याङ्कन र कार्य सम्पादन प्रतिवेदन वाट देखिएको छ। कुल लागत अनुमान तयार नगरी न्युन वजेट छुटयाई खर्च गर्दा कार्यमा उपलब्धी प्रभावकारी नहुने देखिएको छ।

२१. **कार्यक्रम संचालन** : निर्वाचन क्षेत्र विकास विशेष कार्यक्रमको कारोवार २०७२।२।१२ बाट शुरु गरी यो वर्ष रु.१२ करोड ११ लाख ६५ हजार ४७१ खर्च भएकोछ। आषाढ ३१ गते १८५ गौश्वारा भौचर बाट र आषाढ महिनामा मात्र ८६.२१ प्रतिशत खर्च गरेको देखिएको छ। प्रति निर्वाचन क्षेत्रमा रु.१ करोड ५० लाख विनियोजन गरेकोमा कन्टिन्जेन्सी खर्च भनी ईन्धन, पत्रपत्रिकाबाट सुचना, एफ एम लाई भुक्तानी, दैनिक भ्रमण भत्ता लगायतमा रु.८,४०,८१२/- खर्च लेखेको छ। कन्टिजेन्सी खर्चको आयोजना गत हिसाब राख्नुपर्दछ। त्यस्तै निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम, संचालन कार्यविधि, नियमावली, २०७१ विपरित अधिकतम १० भन्दा बढी योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गरेको पाईयो।

२२. **परामर्श सेवा** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रु.३ लाख सम्मको परामर्श सेवा सोभ्कै गर्न सकिने र सो भन्दा बढीको लागत अनुमान भएको परामर्श सेवा बोलपत्र माध्यमबाट गराउन पर्नेमा सो प्रक्रिया अवलम्वन नगरी कृषि तथा पुर्वाधार विभागमा सुचिकृत ३ कम्पनीसँग दररेट लिई रु.८,४९,०५६।- को परामर्श सेवा सोभ्कै गराएको पाईयो। नियमले तोकेको प्रकृया अवलम्वन नगरी दररेटका आधारमा परामर्श खरिद कार्य गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

२३. **अधुरो योजना** : रुपनी गाइघाट सडकमा सिलबन्दी दरभाउपत्रबाट कार्यगर्न दुई पटक सुचना प्रकाशन गरी ५ कार्यको रु.१४४३५६९।- सम्भौता गरेकोमा आर्थिक बर्षको अन्त्यसम्म कार्यसम्पन्न नभएको म्याद थप नगरेको र काम अधुरो नै अवस्थामा रहेको देखिएको छ।

२४. **मौज्दात** : कार्यालयले आवश्यक पर्ने सामग्रीको मात्र पूर्वानुमान गरी खरीद गर्नुपर्नेमा मौज्दात रहने गरी रु.६७,३२,४९३।५० मूल्यको सामान खरीद गरेको पाइयो। यस्तो खरीद कार्यमा नियन्त्रण गरिनुपर्दछ।

२५. **अनुदान** : गाउँ विकास समितिलाई दिने निकासा कार्यसम्पादन, मुल्याकन अनुसार प्रथम चौमासिकमा ९६ गाउँ विकास समितिलाई २०७२।६।२४मा उपलब्ध गराइएको भए पनि दोस्रो र तेस्रो चौमासिकमा अधिकांसको जेष्ठ र आषाढमा मात्र निकासा गरेको छ। १७ गाउ विकास समितिले तेस्रो चौमासिक निकासा माग नै नगरेकोमा २०७३।३।२६ मा निकासा गरेको देखिएको छ। समयमा विल भरपाई पेश नगर्ने र निकासा माग नगर्ने गाउँ विकास समितिका सचिवहरुलाई कार्यवाही गरी जिम्मेवार बनाउनु र खर्च नभएको रकम फिर्ता गरी संचित कोष दाखिला गर्नु पर्दछ।

२६. **इन्धन खरिद** : गाउँ विकास समिति अनुदान तर्फको ०.०५ प्रतिशत कन्टिन्जेन्सी छुट्याईएको रकमबाट एक आयल सेन्टरलाई रु ४०११६६।७६ ईन्धन खर्च भुक्तानी गरेको छ। ईन्धन खर्चको कोटा निर्धारण तथा लग बुक राखेको देखिएन । आन्तरिक नियन्त्रणमा सुधार गरी खर्चको मापदण्ड बनाई मितव्ययिता ल्याउन ध्यान दिनुपर्दछ।

२७. **अभिलेख तथा अनुगमन** : सामाजिक सुरक्षा कार्यक्रममा रु.३९,५८,५५,७३३।०० निकासा तथा खर्च भएको देखिन्छ । जेष्ठ नागरिक, अशक्त अपागं, लोपोन्मुख जाति एकल महिलाको केन्द्रिय लगत अघावधिक गरेको देखिएन । अभिलेख राख्ने, वितरणको समयमा प्रचार प्रसार गराउन कार्य प्रभावकारी रुपमा गर्नुपर्दछ ।

सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रत्येक जिल्लामा सामाजिक सुरक्षा जिल्ला समन्वय समितिको गठन गरी नियमित रुपमा अनुगमन गर्नुपर्ने लगायतका काम,कर्तव्य तोकेको छ । कार्यालयले यस वर्ष ९१ गाविस र ५ नगरपालिकालाई सामाजिक सुरक्षा भत्ता बापतको रकम पेश्की निकासा दिइ वितरण गरेकोमा अनुगमन समिति गठन गरी अनुगमन गरेको प्रमाण प्रस्तुत हुन आएन । जिल्ला समन्वय समिति गठन गरी भत्ता वितरणको प्रभावकारी अनुगमन गर्ने गराउनेतर्फ कार्यालयले पहल गर्नुपर्दछ ।

२८. **दलित पोषण भत्ता :** दलित बालबालिकालाई ५ बर्ष उमेर नपुगुन्जेल सम्म मासिक २०० । बालबालिका पोषण भत्ता उपलब्ध गराएकोमा परिचय पत्र नम्वर वितरणका भरपाईमा उल्लेख गरेको देखिएन । वितरण भएका भरपाईमा उल्लेख गरेको परिचय पत्र नम्बर उल्लेख गर्नुपर्दछ ।

२९. **आन्तरिक आय** : स्थानिय स्वायत्त शासन ऐन, २०५५ एवम नियमावली, २०५६ बमोजिम जिल्ला विकास समितिले स्रोतगत रुपमा आय आर्जन गर्न सक्ने व्यवस्था छ वालुवा ढुगां, गिट्टीको स्थानीय कर उठाउन बढी कबोल गर्ने एक व्यक्तिको रु.१५१९९९३/- को बोलपत्र सिफारिस भएकोमा २०७२।१०।१४ मा स्वीकृत भएकोमा बन्द हडताल भनि १४० दिनको रकम कट्टा गरी रु.७३४७६०२/- को ठेक्का अंक कायम गरी २०७२ ।१०।२१ मा संम्भौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन :

२९.१ बोलपत्र दाताले ३ पटकमा रु.३६७४०००/- प्रथम किस्ता जम्मा गरी सम्भौता गरेको र १ एक महिना भित्र परफरमेन्स बण्ड पेश गर्ने भनिएकोमा परफरमेन्स वण्ड पेश गरेको छैन । दोस्रो किस्ता रु.२२०००००/- र तेस्रो किस्ता रु.१६७६६०२/- को परफरमेन्स बण्ड नलिई ठेक्का सञ्चालन गरेको पाईयो । तेस्रो किस्ता चैत्र मसान्तमा बुझाउने संम्भौतामा उल्लेख भएतापनि २०७३।२।२१ सम्म पटक पटक दाखिला गरेको देखियो ।

२९.२ प्रचलीत ऐन नियम अनुसार बुझाउनु पर्ने कर ,दस्तुर, शुल्क आदि सबै निर्माण व्यवसयीले वुझाउनु पर्ने र उक्त रकमहरु ठेक्का रकम बाट कट्टा नगर्ने उल्लेख छ। मूल्य अभिबृद्धि कर मा दर्ता भएको करदाताले ठेक्का रकम रु.७३,४७,६०२/- मा लाग्ने मुल्य मूल्य अभिबृद्धि कर रु ९५५१८८।२६ दाखिला नगरेकोले असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

२९.३ राजविराज सखडा सडकमासवारी करका २०७२।११।५ मा भएको संम्भौता अनुसार एक निमार्ण सेवा बाट रु.६१,६४२/- मा मूल्य अभिबृद्धि कर रु ८०१३।४६ असुल नगरेकोले असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

२९.४ आन्तरिक स्रोतबाट जम्मा भएको राजस्व रु.४४,७,५१८/- मध्ये रु.७६४२४५३ बैंक नगदी किताबमा आम्दानी जनाई आय व्ययमा समावेश गरेको छ । राजस्व शाखाले २०७३।३।३१ मा आन्तरिक रसिद तथा ठेक्काबाट असुल रकमको बैंक भौचर शीर्षकगत असुली विवरण आर्थिक प्रशासन शाखामा पठाएको देखिए पनि रु.१८,०५,०६५/- को गोश्वारा भौचर तयार गरी आय आम्दानी गरेको छैन ।

३०. **अतिरिक्त भत्ता** : जिल्ला विकास समिति अनुदान, आन्तरिकवाट कार्यालयले २०७२ फागुन र चैत्र महिनामा अतिरिक्त भत्ता रु.२९,२६,३९२।- बजेट खर्च लेखेको छ । कार्यालय समयको अतिरिक्त कुन समयमा कार्यालयमा बसी के कति कार्य सम्पादन गरिएको हो सो को प्रमाणित अभिलेख तथा गत

वर्षको भुक्तानी बाँकी विवरण संलग्न नगरी खर्च लेखेकोले यस्तो खर्चलाई अरुबढी पारदर्शी र बिश्वसनीय बनाउन अभिलेख प्रणालीमा सुधार हुनुपर्दछ ।

३१. **अग्रीम कर** : बिभिन्न वडा,ईलाका प्रहरी कार्यालयहरुबाट यो बर्ष कोषमा रु.१७७५००। जरिवाना आम्दानी भएकोमा जरिवाना को ५० प्रतिशतले हुने रकम जरिवाना असुलकर्तालाई प्रोत्साहन स्वरुप खर्च लेखेको छ । आम्दानी भएको रु.८५०००। को ५० प्रतिशतले हुने रु.४२५००। भुक्तानी गर्दा नियमानुसार १५ प्रतिशतले अग्रिमकर रु.६३५०। कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

३२. **कार्यालय खर्च** : प्राप्त बिबरण अनुसार कार्यालयसम्बन्धि खर्च रु.१५०००४७– भएकोमा आषाढमा मात्र कुल खर्चको ८९.५३ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा बजेट बढीखर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३३. **उपलव्धि** : तिन कार्यालयलाई यु.यन.यफ.पि.ए.तर्फका कार्यक्रम कार्यान्वयनको निमित्त रु. २३,८८,१००।०० निकासा दिएकोमा लक्षित कार्यक्रम अनुसार कार्य प्रगति प्राप्त नभएकोले निर्धारित उपलब्धी हासिल भएको मूल्याङ्कन गर्ने अवस्था देखिएन । निकासा दिएको रकमको खर्च तथा उपलब्धी विवरण प्राप्त गर्नुपर्दछ ।

३४. **गरिबसंग बिश्वेश्वर कार्यक्रम** : कार्यक्रम कार्यान्वयनको निमित्त बिनियोजित बजेट रु.२३८००००। शत प्रतिशत नै खर्च भएको छ । बार्षिक कार्यक्रम बमोजिमको साबुन बनाउने तालिमको लागि १० सामाजिक परिचालकलाई रु.१४,११,०००।- गरेको अग्रिम कर कट्टी गरेको रु.१३८७५।०० राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

३५. **सीमा बिकास कार्यक्रम** : सीमा क्षेत्र बिकास कार्यक्रम कार्यान्वयन समितिको २०७३।२।२० को निर्णय अनुसार बिषयगत कार्यालय मार्फत रु.१०००००।- समेत कूल रु.८२८२०००। बजेट स्वीकृत भएको छ। यो बर्ष कार्यालयले रु.८४०३२७८।- खर्च गरेको पाईएकोले स्वीकृत कार्यक्रम भन्दा रु.१२१२७८।– बढी खर्च गरेको देखिन्छ ।

३६. **सडक बोर्ड नेपाल** : रुपनी कटैया मलेकपुर फकिरा सडकको लोखरम लालापट्टी खण्डमा ग्राभेल गर्ने कार्यको एक निर्माण व्यबसायीले दोश्रो तथा अन्तिमबिल रु.७२३९३४। पेश गरेकोमा कार्यालयले रु.९७९२४९। बजेट खर्च लेखेको छ । ठेक्का बिलभन्दा बढी एबं गत वर्ष भुक्तानी गरी सकेको रु.१,२५,८५९। बढी खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

३७. **नेपाल पर्यटन बोर्ड** : नेपाल पर्यटन बोर्डको पत्रानुसार सम्बन्धित उपभोक्ता समितिबाट ३० प्रतिशत लागत सहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गराउन राम जानकी मन्दिर प्रसबनी ७ बनौलीको लागि प्राप्त रु.१५००००।- बाट कार्यालयले सम्बन्धित उपभोक्ता समितिले रु.१८४८८०।- को निर्माण कार्य सम्पन्न गरेकोमा रु.१४५५००।- भुक्तानी गरेको छ । यसरी अख्तियारी पत्रानुसार ३० प्रतिशत जनश्रमदान जुटाउनु पर्नेमा सम्पन्न कामको करिब २१ प्रतिशतले हुने रु.१६०८३।- बराबरको घटी जन श्रमदान जुटेकोमा समेत कार्यालयले समितिलाई पुरै रकम उपलव्ध गराएको देखिन्छ । अत: प्राप्त अख्तियारी र निर्देशन बमोजिम कार्यक्रम कार्यान्वयन गर्न कार्यालय सक्षम हुनुपर्दछ ।

३८. **खर्च संरचना** : स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रममा यो बर्ष रु.३४५८२३०८।०० खर्च भएको मध्ये आषाढ महिनामा मात्र रु.२२४४८९००।०० ( ६५ प्रतिशत) खर्च भएको देखिन्छ । यसरी बार्षिक खर्चको अधिकांश रकम बर्षान्तमा आएर खर्च हुनुले खर्चको यथार्थता, कामको बिश्वसनीयता, खर्चको पारदर्शितामा आस्वस्त हुने स्थिति नहुदा प्रत्येक चौमासिक मै कार्यक्रम सम्पन्न गर्ने गराउने र खर्च लेख्नु पर्ने देखिन्छ । बजेट निकासा बाट निर्धारित कार्यक्रमहरु सम्पन्न भएको सम्बन्धमा कार्यालयबाट अनुगमन, निरीक्षण गरी सो को कार्य प्रगति हासिल गर्नुपर्दछ ।

३९. **पेश्की :** उपेक्षित, उत्पीडित र दलित उत्थान कार्यक्रम अन्तर्गत गाउ बिकास समितिमा चेतनामूलक, छुवाछुत तथा जातीय भेदभाब बिरुध्दको अन्तरक्रिया गोष्ठी संचालनको लागि दलित बर्ग उत्थान जिल्ला समन्वय समिति, सप्तरीका उपाध्यक्षलाई कार्यक्रम पेश्की दिएकोमा फछ्र्योट भएको नदेखिएकोले रु.३८०३००।- असुल फछ्यौंट गर्नुपर्दछ ।

४०. **कार्यक्रम संचालन :** सुनौलो हजार दिन कार्यक्रमको लागि बिनियोजित रु.११,९७,७०,०००।०० मध्ये रु.८,९६,११,९७०।०० (७४.८२ प्रतिशत) रकम खर्च भएको छ । कूल खर्च तेश्रो चौमासिकमा भएको र आषाढ महिनामा मात्र रु.६,११,४४,०३५।०० (६८.२३ प्रतिशत) खर्च भएको र ५५.९६ प्रतिशत रकम पेश्की बाँकी देखिएकोले कार्यक्रम संचालनमा भएको खर्चको प्रभावकारीता यकिन गर्न सक्ने स्थिति देखिएन ।

४१. **वर्षान्तमा पेश्की** : पोषण कार्यक्रम संचालन गर्न जिल्लाका २९ गाउ विकास समिति निकासा पठाएको रु.५०१५१७७७।०० बर्षान्तमा पेश्की बाकी देखिएकोले सो को प्रगति हासिल भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन निरीक्षण गरी नियमानुसार पेश्की फछ्र्योट गर्नुपर्दछ ।

४२ **पेश्की फछ्यौट स्थिति :** जिल्ला विकास समितिवाट विभिन्न कामका लागि कर्मचारी निर्माण व्यवसायी, उपभोक्ता समिति र अन्य संघ संस्थाको नाममा पेश्की दिएकोमा नियमको व्यवस्था वमोजिम तोकिएको अवधि र प्रक्रिया पूरा गरी पेश्की फछ्र्यौट नहुँदा वर्षान्तमा पेश्की जिम्मेवारी सर्दै आएको देखिन्छ । कार्यालयले पेश गरेको विवरण अनुसार गत विगतको पेश्की मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा केन्द्रीय शीर्षक तर्फ ८८,३१,९९१।- कोष तर्फ २,१०,४४,७२९।-समेत २९८,७६,७२०।०० पेश्की बाँकी रहेको देखिन्छ । यो वर्षको अन्त्यमा चालू वर्ष केन्द्रीय शीर्षकको रु. ६,४८,६३,७७७।०० र कोष तर्फ ३,०१,२०५।०० समेत ६,५१,६४,९८२।०० पेश्की बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय

१. **चौमासिक खर्च :** वार्षिक बजेट तथा चौमासिक कार्यक्रमको लक्ष्य निर्धारण गरी कार्यालयले कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस वर्ष कार्यालयले गरेको कुल खर्च रु. १५ करोड ३९ लाख ८ हजार मध्ये तेस्रो चौमासिकमा रु. ८ करोड ७२ लाख २ हजार (५६.६७ प्रतिशत) र आषाढ महिनामा मात्र रु. ६ करोड ९ लाख ३९ हजार (३९.५९ प्रतिशत) खर्च देखिएको छ । वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार समयमै खरीद व्यवस्थापन गर्नुपर्दछ ।

२. **अधुरो भवन :** जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारी निवास भवन २०७०।५।१० भित्र रु ७१,६३,७६०। लागतमा कार्य सम्पन्न गर्ने गरी २०६८।६९ मा सम्झौता गरेको देखिन्छ । कार्यतालिका अनुसार कार्य नगरेकोले २०७१।३।२५ सम्म म्याद थप गरेकोमा यो वर्ष सम्म रु.३२,०४,७००/- खर्च भएको र उक्त निर्माण कार्य अधुरो रहेको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले तोकिएको म्यादमा कार्य सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा म्याद थप तथा हर्जना असुलीको कार्य भएको छैन । उक्त कार्यको लागि राखेको परफरमेन्स वण्ड रोक्का राख्न वैकलाई पत्राचार गरे पनि परफरमेन्स बण्डको रकम कार्यालयको खातामा रकम जम्मा हुन सकेको देखिएन ।

३. **बोलपत्र स्वीकृत अबधि :** एक प्राथमिक स्वास्थ्य केन्द्रको बोलपत्र मिति २०७२।४।२९मा खोलेकोमा रु ७,०३,२०,७२७।२६ लागत अनुमान भन्दा १२.१५घटी कवोल अंकको बोलपत्र विभागिय स्तरबाट मिति २०७२।११।१२ मा स्वीकृत भएको छ । बोलपत्र स्वीकृत गर्न १९४ दिन लागेकोले निर्माण कार्यको

लागत एबं समयमा प्रभाब पार्न सक्ने देखियो । निर्माण व्यबसायी श्री टौदह कन्स्ट्क्सन, चाल्नाखेल ५ काठमाडौबाट असूल गर्नु पर्दछ ।

४. **असुली** : मेडिकल सुपरिटेण्डन्ट क्वाटर सिराहाको भवन निर्माणको म्याद २०७२।५।२१ सम्म रहेकोमा भुक्तानी पाउने २०७२।५।७ को फ्याक्स कार्यालयमा २०७२।१२।२५ मा दर्ता गरी चौथो तथा अन्तिम विलको रु.१३७९३२२ ।- भुक्तानी गरेको छ । अन्तिम विल पेश गरेको मितिमा मोविलाईजेशन पेश्की रु.२८१,०००। - बाँकी भएकोमा वैक ग्यारेण्टीको म्याद २५ जुन २०१५ सम्म रहेको छ । ठेक्का समाप्त भएको करिव ६ महिनापछि  अन्तिम विल भुक्तानी गरेको छ  । एज विल्ट ड्इङ वापत रु.१८५३०। - भुक्तानी गरेकोमा  एज विल्ट ड्इङ पेश भएन । तेस्रो विलसम्मको रु २७,०७,५००। भुक्तानी भएकोमा चौथो तथा अन्तिम विलमा गत विल सम्मको वढी जिम्मेवारी सारेको रु.२३०७१। र  एज विल्ट ड्इङ वापतको रु.१८५३०। असुल गर्नुपर्दछ ।

५. **सघन शहरी विकास कार्यक्रम तर्फ** : सिराहा माडर वसपार्क ग्राभेल आर.सि.सि.सि. तथा अन्य निर्माण कार्यको कवोल अंक रु २०,७१,०७६। (लागत अनुमान भन्दा ४४.१७ प्रतिशत घटी)को वोलपत्र २०७३ आषाढ १५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७३।२।२० मा सम्झौता भएको छ । सिराहा नगरपालिकालाई साइट उपलब्ध गराउन २०७३।२।३० मा पत्र लेखेको छ । सम्झौता अनुसार १५ दिनमा रु.२०,७१,०७६। को कार्य सम्पन्न गरेको आधारमा एक निर्माण व्यवसायीलाई आर.सि.सि.सि. समेतको काम सम्पन्न भएको विश्वसनिय आधार पेश हुनुपर्दछ ।

६. **जनता आवास कार्यक्रम** : निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराइ इकाइ कार्यालय मार्फत डिभिजन कार्यालयमा भुक्तानीका लागि पेश गर्नु पर्नेमा खर्चको प्रमाणित कागजात बेगर आर्थिक वर्षको अन्तमा बजेट फ्रिज नगर्ने उद्देश्यले विभिन्न निर्माण समितिलाइ रु १६,६८,४४५।- भुक्तानी गरेको छ ।यसमा निर्माण कार्यको प्राविधिक मूल्यांकन तथा खर्चको विलभरपाइ पेश गर्नुपर्दछ । अधुरा कार्य मापदण्ड अनुरुप सम्पन्न गराई रोक्का रहेको रकम भुक्तानी गर्ने कार्यालयले जनाएको छ ।

७. **बढी खर्च** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को परिच्छेद ४ अनुसार स्वीकृत कार्यक्रम तथा बिनियोजित बजेटको आधारमा खर्च गर्नुपर्दछ । कार्यालयले ३ कार्यक्रममा कार्यक्रम संशोधन नगरी स्वीकृत बजेटभन्दा रु.२१५४३८६। बढी खर्च लेखेको नियमसंगत नदेखिएकोले सुधार हुनुपर्दछ ।

८. **नगर विकास समिति** : डिभिजन कार्यालय क्षेत्रभित्र ९ नगर विकास समितिलाई  रु.७२५०००। वजेट विनियोजन रहेकोमा कार्यालयबाट ६ नगर बिकास समितिलाई रु.४९८३८०। खर्च लेखी भुक्तानी गरेको देखिन्छ । ३ नगर बिकास समितिको आर्थिक कारोबार नभएको भनी लेखापरीक्षणमा पेश हुन आएन । त्यसैले गठित नगर विकास समितिहरुलाई क्रियाशिल बनाई उद्देश्य अनुरुपको लक्ष्य प्राप्त गर्ने दिशामा अग्रसर हुनुपर्ने देखिन्छ ।

९. **पेश्की** : आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको २ निर्माण व्यवसायीलाई गएको  पेश्की रु.१२१८२७८०।०० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार फरफारक गर्नु पर्दछ ।

१०. **कन्टिन्जेन्सी** : सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रशित र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशतसम्म समाबेश गर्न सकिने व्यबस्था छ । कार्यालयले यो बर्षदेखी योजनागत बिबरण राख्न थालेको भए पनि अधिकांश खर्च दैनिक भ्रमण,ईन्धन तथा मर्मत र कार्यालय सामान खरिद जस्ता छुट्टै खर्च शिर्षकमा बिनियोजन हुने प्रकृतिको खर्चमा यो वर्ष रु.३४,३४,१३०.०० खर्च लेखेको छ ।

यस्तो खर्चमा नियन्त्रण गर्नु को अतिरिक्त दुई कार्यक्रममा यो बर्ष रु.१,८६,०९४।- तोकिएको सिमा भन्दा बढी खर्च लेखेकोमा सम्बन्धितलाई जिम्मेबार बनाउनुपर्दछ ।

११. **धरौटी** : सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२४ मा रिटेन्सन मनी बापतको रकम सम्बन्धित आन्तिरक राजश्व कार्यालयमा आय बिबरण पेश गरी कर चुक्ता तथा मूल्य अभिबृद्धि करसमायोजन गरेको प्रमाण पेश गरेपछी फिर्ता दिनु पर्ने उल्लेख छ। कार्यालयले मूल्य अभिबृद्धि कर समायोजन प्रमाण बेगर एक निर्माण व्यवसायीलाई रु.५३९१३३। - फिर्ता खर्च लेखेको देखिन्छ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला स्थित ४९ कार्यालय मध्ये ४६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार १९ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरीएका १९ मध्ये निम्न ६ कार्यालयको रु.१८,१८,६१९/- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला भूमि सुधार कार्यालय | बिभिन्न | तीन कर्मचारीलाई नपाउने तलब तथा दैनिक भत्ता भुक्तानी दिएको | ८०६०/- |
| २ | राजविराज भन्सार कार्यालय | बिभिन्न | सोझै कार्य गराएको | ६४८८७४/ |
| ३ | जिल्ला प्राविधिक कार्यालय | बिभिन्न | धरौटी जम्मा गरी खाता अद्यावधिक नराखेको | ७४१६८५/- |
| ४ | खानेपानी तथा सरसफाई डिबिजन कार्यालय | बिभिन्न | मोविलाईजेशन र कार्यक्रम पेश्की फछ्यौट नगरेको | ४२००००/- |
| ५ | जिल्ला हुलाक कार्यालय | बिभिन्न | जिन्सी व्यवस्थापन अद्यावधिक हुनु पर्ने, करार सेवाका लागि चाडपर्व खर्च गर्न नहुने तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने । | सैद्धान्तिक |
| ६ | जिल्ला आयुर्वेद कार्यालय | बिभिन्न | जिन्सी व्यवस्थापन अद्यावधिक गर्नु पर्ने । | सैद्धान्तिक |
| | | | **जम्मा** | १८,१८,६१९।०० |

**(विश्वनाथ रेग्मी)**
**नायब महालेखारीक्षक**

अनुसूचि-१

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | अदालत जनकपुर, इजलास | ५३५ | ८ | १२० | ० | ६६३ |
| २ | उच्च सरकारी वकील कार्यालय | ७३ | ० | ० | ० | ७३ |
| ३ | जिल्ला सरकारी वकील कायांलय | ४३ | ० | ० | ० | ४३ |
| ४ | सप्तरी जिल्ला अदालत | ६६४ | १११ | ४१६ | ० | ११९१ |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय | ६६ | ४ | ५ | ५० | १२५ |
| ६ | जिल्ला कृषि विकास कार्यालय | ५२१ | १ | १ | १४ | ५३७ |
| ७ | जिल्ला पशु सेबा कार्यालय | ४४५ | १ | ३ | ६ | ४५५ |
| ८ | जिल्ला प्रशासन कार्यालय | १९४ | ५६५ | ८४ | ६७ | ९१० |
| ९ | जिल्ला प्रहरी कार्यालय | २०९८ | ६३ | ५२ | ३०८ | २५२१ |
| १० | मालपोत कार्यालय | ९७ | १९१ | ३६ | ७४७ | १०७१ |
| ११ | नापी कार्यालय | २०४ | १२ | | २ | २१८ |
| १२ | महिला वालवालिका कार्यालय | २१२ | १ | | २० | २३३ |
| १३ | जिल्ला वन  कार्यालय | ६५४ | ५३ | ३४ | ३६१ | ११०२ |
| १४ | जिल्ला भूसंरक्षण कार्यालय | ३५९ | ० | ० | ० | ३५९ |
| १५ | शहरी विकास तथा भवन निर्माण डि. का. | ९३१ | २२ | १४६ | ० | १०९९ |
| १६ | जिल्ला शिक्षा कार्यालय | १११२६ | १६६ | ० | ९२ | ११३८४ |
| १७ | जिल्ला विकास समितिको कार्यालय | | ३१९ | ० | २१८४७ | २२१६६ |
| १८ | स्थानिय विकास कोषको सचिवालय, | | ० | ० | ३१ | ३१ |
| १९ | सिंचाई डिभिजन कार्यालय | ८३८ | ० | ११४ | ० | ९५२ |
| २० | कोशी पम्प चन्द्रनहर सिंचाई व्यवस्थापन डि | २२६० | ३ | १५८ | ० | २४२१ |
| २१ | गजेन्द्र नारायणसिंह सगरमाथा  अंचल अस्पताल | ५५७ | १ | ३४ | २०४ | ७९६ |
| २२ | जिल्ला जनस्वास्थ कार्यालय | २८०१ | १४ | १७ | ८५ | २९१७ |
| २३ | अंचल प्रहरी कार्यालय | २८८ | १ | | ० | २८९ |
| २४ | अंचल सशस्त्र प्रहरी गुल्म | ३७५ | ० | ६ | ० | ३८१ |
| २५ | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय | १५९३ | ० | २१ | ० | १६१४ |
| २६ | सशस्त्र प्रहरी बल दन्तकाली गण | २३०८ | ० | १७ | ० | २३२५ |
| २७ | बाल कल्याण गृह | ३७ | ० | ३ | ० | ४० |
| २८ | ईलाका प्रहरी कार्यालय, कल्याणपुर | १४० | ० | ० | ० | १४० |
| २९ | कारागार कार्यालय सप्तरी | १३९ | ० | ० | ७ | १४६ |
| ३० | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९१ | ० | ० | ० | ९१ |
| | जम्मा | २९६४९ | १५३६ | १२६७ | २३८४१ | ५६२९३ |

## लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण दल गण | १९२५ | २ | २० | ० | १९४७ |
| २ | मत्स्य विकास केन्द्र फत्तेपुर | १५६ | २१ | ४ | १ | १८२ |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ७५ | १ | ३ | ० | ७९ |
| ४ | जिल्ला हुलाक कार्यालय | ४७४ | ३१ | १ | ३८४ | ८९० |
| ५ | इलाका प्रहरी कार्यालय भेडिया | ९८ | ० | ० | ० | ९८ |

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ६ | जिल्ला निर्वाचन कार्यालय | ५३ | ० | ० | ० | ५३ |
| ७ | भारदह अस्पताल | ७३ | ० | १ | ० | ७४ |
| ८ | मालपोत कार्यालय, कंचनपुर | ४४ | ३९ | ० | १४४ | २२७ |
| ९ | इलाका प्रशासन कार्यालय कंचनपुर | २५ | ७ | ० | ० | ३२ |
| १० | नापी कार्यालय कंचनपुर | ३३ | ४ | ० | १ | ३८ |
| ११ | इलाका प्रहरी कार्यालय कंचनपुर | ३३८ | ० | ० | ० | ३३८ |
| १२ | इलाका प्रशासन कार्यालय वोदेवर्साइन | ८ | ० | ० | ० | ८ |
| १३ | जिल्ला आयुर्वेद स्वास्थ केन्द्र | ८६ | ० | १ | ० | ८७ |
| १४ | शैक्षिक तालिम केन्द्र | ६० | ० | ० | ० | ६० |
| १५ | इलाका प्रहरी कार्यालय कडरवाना | २७५ | ० | ० | ० | २७५ |
| १६ | जिल्ला भूमिसुधार कार्यालय, सप्तरी | ६५ | ० | ३६५ | १ | ४३१ |
| १७ | जिल्ला प्राविधिक कार्यालय | ३८ | ९ | ९८ | ० | १४५ |
| १८ | राजविराज भंसार कार्यालय | १८७ | २९० | १२० | ९ | ६०६ |
| १९ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ५३८ | २ | ४४ | ८ | ५९२ |
|  | **जम्मा** | ४५५१ | ४०६ | ६५७ | ५४८ | ६१६२ |
|  | **कूल जम्मा** | **३४२००** | **१९४२** | **१९२४** | **२४३८९** | **६२४५५** |

# बेरुजूको स्थिति

अनुसूची २

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | उच्च अदालत जनकपुर, इजलास राजबिराज, | ४ | २५६ | १ | - | ३ | - | २५६ | - | २५६ | - | - | - |
| २. | उच्च सरकारी वकील कार्यालय | ६ | ४३ | ४ | - | २ | ४३ | - | - | ४३ | - | - | - |
| ३. | जिल्ला सरकारी वकील कार्यालय | ३ | १७१ | १ | - | २ | १७१ | - | - | १७१ | - | - | |
| ४. | सप्तरी जिल्ला अदालत | ८ | ७४५ | ३ | - | ५ | ५३ | ६९२ | - | ७४५ | - | - | |
| ५. | घरेलु तथा साना उद्योग कार्यालय | ११ | २६१ | ५ | - | ६ | ६३ | १९८ | - | २६१ | - | - | |
| ६. | जिल्ला कृषि विकास कार्यालय | १४ | १७९ | ४ | | १० | ७ | १७२ | - | १७९ | २ | - | २ |
| ७. | जिल्ला पशुसेवा कार्यालय | ९ | १८० | २ | - | ७ | १८० | - | - | १८० | १८ | - | १८ |
| ८. | जिल्ला प्रशाासन कार्यालय | १२ | ७९ | ६ | - | ६ | ७९ | - | - | ७९ | - | - | |
| ९. | जिल्ला प्रहरी कार्यालय | ६ | ० | ३ | | ३ | - | - | - | - | - | - | |
| १०. | मालपोत कार्यालय | ८ | ३०३३०६१२ | ४ | ३०५१८ | ४ | - | ९४ | - | ९४ | - | - | |
| ११. | नापी कार्यालय | २ | ० | १ | - | १ | - | - | - | - | २९ | - | २९ |
| १२. | महिला वालवालिका कार्यालय | ८ | ४ | ५ | - | ३ | ४ | - | - | ४ | ५ | - | ५ |
| १३. | जिल्ला वन  कार्यालय | २२ | ४४६ | १२ | - | १० | १०६ | ३०० | ४० | ४४६ | ४२ | - | ४२ |
| १४. | जिल्ला भूसंरक्षण कार्यालय | ५ | ० | २ | - | ३ | - | - | - | - | - | - | |
| १५. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | २० | १६६३४ | ९ | - | ११ | ७१ | ४३८० | १२१८३ | १६६३४ | १२ | - | १२ |
| १६. | जिल्ला शिक्षा कार्यालय | ५५ | १४६४६४ | २० | - | ३५ | २१४५ | १४४२९९ | २० | १४६४६४ | - | - | - |
| १७. | जिल्ला विकास समितिको कार्यालय | ७६ | ९८१८७ | ३४ | - | ४२ | १३३३ | ३१६८९ | ६५१६५ | ९८१८७ | - | - | - |
| १८. | स्थानिय विकास कोषको सचिवालय, | २ | ० | ० | - | २ | | | - | - | - | - | - |
| १९. | सिंचाई डिभिजन कार्यालय | १६ | १०७३४ | ५ | - | ११ | ४० | १३१४ | ९३८० | १०७३४ | - | - | - |
| २०. | कोशी पम्प चन्द्र नहर सिंचाई व्यवस्थापन डिभिजन | १८ | १२२३६ | ८ | - | १० | ३८८६ | | ८३५० | १२२३६ | - | - | - |
| २१. | गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल | १६ | १२९९ | ८ | - | ८ | ५८१ | ७१८ | - | १२९९ | - | - | - |
| २२. | जिल्ला जनस्वास्थ कार्यालय | ३१ | ४४२० | १५ | - | १६ | ६९ | ७१७ | ३६३४ | ४४२० | - | - | - |
| २३. | जिल्ला भूमिसुधार कार्यालय | ३ | ८ | ० | - | ३ | ८ | - | - | ८ | - | - | - |
| २४. | राज विराज भन्सार कार्यालय | २ | ६४९ | ० | - | २ | | ६४९ | - | ६४९ | - | - | - |
| २५. | जिल्ला प्राविधिक कार्यालय | १ | ७४२ | ० | - | १ | ७४२ | - | - | ७४२ | - | - | - |
| २६. | खाने पानी तथा सरसफाई डि. कार्यालय | २ | ४२० | ० | - | २ | - | - | ४२० | ४२० | - | - | - |
| २७. | अंचल प्रहरी कार्यालय | ० | ० | ० | - | - | - | - | - | - | ३६ | - | - |
| | **जम्मा** | ३६० | ३२४७६९ | १५२ | ३०५१८ | २०८ | ९५७४ | १८५४८५ | ९९१५२ | २९४२५१ | १४४ | - | १४४ |

**द्रष्टव्य** : • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | उच्च अदालत जनकपुर, इजलास राजबिराज, | श्री मानवहादुर कार्की | श्री गंगा राई |
| २ | उच्च सरकारी वकील कार्यालय | श्री चिरन्जिवी पराजुली | श्री एकनाथ दाहाल |
| ३ | जिल्ला सरकारी वकील कायांलय | श्री हरि कुमार पोखरेल | श्री उमाकान्त ढकाल |
| ४ | सप्तरी जिल्ला अदालत | श्री नरेन्द्र कुमार श्रेष्ठ | श्री सुरज कोइराला |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय | श्री राधाकृष्ण पोखरेल | श्री प्रकाश वस्नेत |
| ६ | जिल्ला कृषि विकास कार्यालय | श्री भागिरथ यादव | श्री वद्री प्रसाद शाह |
| ७ | जिल्ला पशु सेबा कार्यालय | श्री काशी नाथ यादव | श्री इन्द्र प्रसाद दास |
| ८ | जिल्ला प्रशासन कार्यालय | श्री वलदेव गौतम | श्री माधवी कार्की |
| ९ | जिल्ला प्रहरी कार्यालय | श्री भिम प्रसाद ढकाल | श्री दिपेन्द्र थापा |
| १० | मालपोत कार्यालय | श्री सूर्य वहादुर थापा | श्री अर्जुन राई |
| ११ | नापी कार्यालय | श्री विजय कुमार महतो | श्री वम वहादुर गिरी |
| १२ | महिला वालवालिका कार्यालय | श्री चन्द्रकला श्रेष्ठ | श्री चन्द्र वहादुर वस्नेत |
| १३ | जिल्ला वन  कार्यालय | श्री धिरेन्द्र प्रसाद सिंह | श्री वालगोविन्द साह |
| १४ | शहरी विकास तथा भवन निर्माण डिभिजन का | श्री मिलन आचार्य | श्री उमेश यादव |
| १५ | जिल्ला शिक्षा कार्यालय | श्री लक्ष्मी प्रसाद भट्टराई | श्री नारायण अधिकारी |
| १६ | जिल्ला विकास समितिको कार्यालय | श्री प्रदिप वहादुर सिंह यादव | श्री राम नारायण यादव |
| १७ | स्थानिय विकास कोषको सचिवालय, | श्री नवराज  खड्का | श्री श्याम सुन्दर यादव |
| १८ | सिंचाई डिभिजन कार्यालय | श्री अशोक कुमार साह | श्री कल्याणी अर्याल |
| १९ | कोशी पम्प चन्द्र नहर सिंचाई व्यवस्थापन डिभिजन | श्री प्रसुन मिश्र | श्री गंगाराम मण्डल |
| २० | गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल | श्री दिलिप कुमार साह | श्री साजनलाल दास |
| २१ | जिल्ला जनस्वास्थ कार्यालय | श्री विजय कुमार झा | श्री विपीन श्रेष्ठ |
| २२ | जिल्ला भूसंरक्षण कार्यालय | श्री विष्णु वहादुर भण्डारी | श्री शशीभूषण ठाकुर |
| २३ | जिल्ला भूमिसुधार कार्यालय, सप्तरी | श्री अनिरुद्र लुइटेल | श्री आसाराम यादव |
| २४ | जिल्ला प्राविधिक कार्यालय | श्री प्रदिप वहादुर सिंह | श्री छत्र वहादुर श्रेष्ठ |
| २५ | राजविराज भंसार कार्यालय | श्री मनिष कुमार महतो | श्री शम्भु दहाल |
| २६ | जिल्ला खानेपानी तथा सरसफाई कार्यालय | श्री लोकेन्द्र कुमार यादव | श्री अनिल रेग्मी |
| २७ | जिल्ला हुलाक कार्यालय | श्री दक्षनारायण श्रेष्ठ | श्री सुमित्रा पौडेल |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np